लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

प्रेस काउन्सिल नेपालबाट “क” वर्गमा वर्गीकृत

Naya Bimarsha Weekly

वर्ष २०, अंक १२, २०८३ असोज ३० गते शुक्रबार (Oct. 16, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## नापी विभागमा महानिर्देशक परिवर्तन



काठमाडौं/ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको मन्त्रीस्तरीय निर्णय अनुसार गत असोज २६ गते नापी विभागका महानिर्देशक प्रकाश जोशीलाई मन्त्रालय सरुवा गरिएको छ।

नापी विभागको महानिर्देशकमा विभागकै उपमहानिर्देशक करुण केसीलाई जिम्मेवारी दिइएको छ। नवनियुक्त महानिर्देशक केसीले असोज २८ गते पद बहाली गरेको समाचार श्रोतले जानकारी दिएको छ। नापी विभागमा जोशीले २ पटक गरी ६ वर्ष भन्दा बढी समय विताएका थिए। त्यसैगरी ६ वर्ष भन्दा बढी समय विभागको स्थलरुप महाशाखा र पछिल्लो समय २ महिना कित्ता

बाँकी ७ पृष्ठमा

# कांग्रेसमा नयाँ आशा

## थापा नेतृत्वमा

## देउवा संकटमा

कृष्ण लम्साल

भक्तपुर/ नेपाली कांग्रेसको १५औं महाधिवेशन सकिँदै गर्दा पार्टी कार्यालयका कुर्सीमा बस्ने पात्र मात्र फेरिएका छैनन्, कांग्रेसभित्र वर्षौंदेखि जमेर बसेको शक्ति-सन्तुलनसमेत हल्लिएको छ। गगनकुमार थापाको नेतृत्वमा नयाँ केन्द्रीय कार्यसमिति चयन भएपछि लामो समय पुरानो पुस्ताको निर्णय पर्खेर बसेको कांग्रेसको ठूलो पंक्तिले अब पार्टीले फरक बाटो समात्न सक्ने अपेक्षा गर्न थालेको छ। महाधिवेशनले नयाँ नेतृत्व दिएको छ, तर त्योभन्दा महत्वपूर्ण कुरा उसले कांग्रेसलाई फेरि आशा र संशयको दोसाँधमा ल्याइदिएको छ।

नयाँ अनुहार देखिँदैमा पार्टी नयाँ हुँदैन। कांग्रेसका कार्यकर्ताले पनि यो कुरा राम्ररी बुझेका छन्। त्यसैले अहिलेको उत्साह थापा सभापति बनेको खुशीमा मात्र सीमित छैन। अब निर्णय गर्ने तरिका बदलिन्छ कि बदलिँदैन, गुटको फेरो समातेर अवसर पाउने पुरानो चलन रोकिन्छ कि रोकिँदैन र वर्षौंदेखि किनारामा बसेका सक्षम कार्यकर्ताले जिम्मेवारी पाउँछन् कि पाउँदैनन् भन्ने जिज्ञासा पनि उत्तिकै छ। महाधिवेशनपछि कांग्रेसभित्र देखिएको आशाको वास्तविक परीक्षा यिनै प्रश्नबाट हुनेछ।





लामो समय कांग्रेसको समस्या नेतृत्वको उमेर मात्र थिएन। समस्या नेतृत्व वरिपरि बनेको घेरा, अवसरको असमान वितरण र परिवर्तनलाई पछाडि सारिरहने प्रवृत्ति पनि थियो। पार्टीभित्र नयाँ पुस्ता बढ्दै गयो, तर निर्णय गर्ने ठाउँमा पुरानै अनुहारको वर्चस्व कायम रह्यो। तल्लो तहमा काम गर्ने कार्यकर्ताले परिवर्तनको कुरा गरे पनि माथिल्लो तहको शक्ति समीकरण सहजै फेरिएन। यही दूरीले कांग्रेसका कतिपय समर्थकलाई निराश बनायो भने केही मतदाता नयाँ राजनीतिक शक्तितर्फ आकर्षित भए।

१५औं महाधिवेशनले यही क्रमलाई एक ठाउँमा आएर रोकेको छ। अब कांग्रेसमा पुस्तान्तरणको बहस गर्नुपर्ने अवस्था होइन, पुस्तान्तरणको परिणाम देखाउनुपर्ने अवस्था आएको छ। थापाका लागि यो उपलब्धिभन्दा बढी जिम्मेवारी हो। हिजोसम्म उनले पार्टी र राज्य सञ्चालनका कमजोरीमाथि प्रश्न उठाउन सक्थे। अब प्रश्न सोध्ने ठाउँबाट उत्तर दिने ठाउँमा पुगेका छन्। कांग्रेस किन कमजोर भयो, युवाले किन पुराना दलमाथि विश्वास घटाए, संगठन हुँदाहुँदै किन जनमत चिप्लियो र राजनीतिक परिवर्तनको नेतृत्व गरेको पार्टी किन आफैं परिवर्तन हुन सकेन भन्ने प्रश्नको जवाफ अब उनले व्यवहारबाट दिनुपर्नेछ। यही कारण गगन नेतृत्वको कांग्रेसप्रति उत्साहसँगै ठूलो अपेक्षा जोडिएको छ।

### मतदातासँग जोडिने चुनौती

कांग्रेसको आगामी राजनीति बुझ्न राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थितिलाई अलग राखेर हेर्न सकिँदैन। पछिल्ला राजनीतिक घटनाक्रमले परम्परागत दल र नयाँ राजनीतिक शक्तिबीचको दूरी घटाएको छ। कुनै बेला कांग्रेसको स्वाभाविक मतदाता मानिने शिक्षित मध्यमवर्ग, युवा र शहर केन्द्रित मतदाताको एउटा हिस्सा नयाँ विकल्पतर्फ गएको छ। कांग्रेसका लागि यही वर्ग पुनः जोड्नु सबैभन्दा कठिन काम बन्न सक्छ।

रास्वपासँग प्रतिस्पर्धा गर्न कांग्रेसले अर्को रास्वपा बन्न आवश्यक छैन। बरु

बाँकी ७ पृष्ठमा

## दशैंअघि नै सडकका सीडीई सरुवाको तयारी

काठमाडौं/ पूर्वाधार विकास मन्त्रालयले सरुवासम्बन्धी मापदण्ड तयार गरेसँगै सडक विभाग मातहत कार्यरत सीडीई (उपसचिवस्तर) हरूको सरुवा गर्ने तयारी अघि बढाएको छ। मन्त्रालयले एउटै कार्यालयमा दुई वर्ष अवधि पूरा गरेका सीडीईहरूबाट असोज २७ गतेसम्म आवेदन मागेको थियो। प्राप्त आवेदनमाथि सुगम र दुर्गम क्षेत्रमा बसेर काम गरेको अवधि, कार्यसम्पादन तथा जिम्मेवारीलगायतका पक्षलाई आधार बनाएर अध्ययन भइरहेको मन्त्रालय स्रोतले जनाएको छ।

दशैं बिदा शुरु हुनुअघि नै सरुवाको निर्णय हुन सक्ने मन्त्रालयको उच्च स्रोतको भनाइ छ। हाल सडक विभाग मातहतका करिब डेढ दर्जन सीडीईले एउटै स्थानमा दुई वर्षको अवधि पूरा गरिसकेको बताइएको छ। लामो समय एउटै जिम्मेवारीमा रहेका तथा अपेक्षित कार्यप्रगति देखाउन नसकेका केही अधिकारीसमेत सरुवाको सूचीमा पर्न सक्ने चर्चा मन्त्रालयभित्र छ। अन्तिम निर्णय नभएसम्म को-कहाँ सरुवा हुन्छ भन्ने स्पष्ट भइसकेको छैन।

यसअघि मन्त्रालयले असोज २७ गते स्थानीय पूर्वाधार विभाग (डोलीडार) अन्तर्गतका कर्मचारीको सरुवा गरिसकेको छ। अब सडक र खानेपानीतर्फको सरुवा बाँकी रहेको बताइएको छ। देशका विभिन्न भागमा

बाँकी ७ पृष्ठमा

## सर्वोच्चको भवन निर्माणमा घिमिरे पनि तानिने



काठमाडौं/ पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरको वाछिटाले अर्का पूर्व अख्तियार प्रमुख आयुक्त नवीन कुमार घिमिरेलाई छोएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्तहरु लोकमान सिंहकार्की र द्विप बस्न्यातले गम्भीर आरोप खेपीरहेको बेला अर्का पूर्व प्रमुख आयुक्त घिमिरे तेश्रो बन्न पुगेका छन्। न्यायमूर्ति जबराको काला कर्तुत र हर्कतले न्यायलय माथि नै प्रश्न चिन्ह उठिरहेको बेला अख्तियारका घिमिरेको ठाडो हस्तक्षेपले भ्रष्टाचारको छानविन गर्ने निकाय अख्तियारमाथि पनि प्रश्न उठ्न थालेको र अविश्वास पैदा भएको समाचार सूत्रले जानकारी दिएको छ।

गेरु वस्त्र लगाएर रौद्र रुप देखाउने जोसुकैलाई पनि कानूनको कठघरामा उभिनु भएपनि सानालाई ऐन ठूलालाई चैन भएको जानकारहरुले बताएका छन्। दलीय भागवण्डाको कोटाबाट प्रमुख आयुक्त बनेका घिमिरेले पदमा हुँदा सर्वोच्च अदालतको नयाँ भवन निर्माणका लागि समानान्तर निर्माण सेवाका अच्युत खरेललाई ठेक्का दिनका लागि भूमिका खेलेको श्रोतले बताएको छ।

बाँकी ७ पृष्ठमा

## रास्वपामा देखिन थाल्यो समस्या

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सत्तामा पुगेपछि उसको राजनीतिक यात्रा नयाँ चरणमा प्रवेश गरेको छ। सडकमा प्रश्न उठाउने र पुराना दललाई कठघरामा उभ्याउने अवस्थामा रहेको पार्टीले अहिले आफैंले उठाएका प्रश्नको उत्तर दिनुपर्ने परिस्थिति भोग्न थालेको छ। सांसद खगेन्द्र सुनारसँग जोडिएको महिला हिंसासम्बन्धी विवाद यही बदलिएको परिस्थितिको एउटा उदाहरण बनेको छ। आरोपको सत्यता अनुसन्धानबाट टुंगिन बाँकी रहे पनि यसले रास्वपाको राजनीतिक व्यवहारलाई भने बहसमा ल्याएको छ।

सुनारसँग जोडिएको विषयमा सबैभन्दा पहिले तथ्य छुट्याउन आवश्यक छ। सामाजिक सञ्जालमा आएको सामग्रीकै आधारमा कसैलाई दोषी ठहर गर्न मिल्दैन। आवाज कसको हो, घटना के हो र आरोपको आधार कति विश्वसनीय छ भन्ने कुरा अनुसन्धानले स्पष्ट गर्नुपर्छ। सार्वजनिक पदमा रहेको व्यक्तिसँग सम्बन्धित गम्भीर आरोप उठेपछि त्यसलाई केवल व्यक्तिगत विवाद भनेर पन्छाउन पनि मिल्दैन। यही ठाउँमा राजनीतिक दलको परिपक्वता देखिन्छ कि आरोपितलाई पूर्वदोषी नबनाउने र सम्भावित पीडितको आवाजलाई पनि बेवास्ता नगर्ने सन्तुलनमा।

अहिले सरकारको व्यवहारलाई लिएर उठेको प्रश्न पनि यही हो। सत्तारुढ दलका सांसदसँग जोडिएको विषय भएकाले सरकारमाथि बोल्नुपर्ने दबाब स्वाभाविक छ। सरकार बोल्नु भनेको सुनारलाई दोषी घोषणा गर्नु होइन। बरु कानूनले आफ्नो बाटो लिनुपर्छ, राजनीतिक पहुँचले अनुसन्धान प्रभावित गर्नु हुँदैन र महिलामाथि हुने हिंसाका विषयमा राज्य गम्भीर छ भन्ने सन्देश दिनु हो। सरकारको मौनताले भने उल्टै ‘आफ्नो मान्छे भएकाले विषय कमजोर बनाइँदै छ कि ?’ भन्ने शंका जन्माउने ठाउँ दिएको छ।

यस घटनाभन्दा पनि रास्वपाका लागि दीर्घकालीन चिन्ताको विषय नेतृत्वको बदलिँदो उपस्थिति हो। केही समयअघिसम्म पार्टीको राजनीतिक परिचय नै रवि

बाँकी ७ पृष्ठमा

## हुलाकको बदलिँदो स्वरूप र खुम्चिँदो उपयोगिता

हरेक वर्ष अक्टोबर ९ मा विश्व हुलाक दिवस मनाइन्छ। गत हप्ता यो दिवस विश्वव्यापी रुपमा मनाइयो। अघिल्लो हप्ता नै यो विषयमा लेख लेख्ने सोच बने पनि पछिल्लो समयमा हुलाक दिवसलाई के कसरी मनाइने रहेछ भन्ने हेरेर मात्र लेख्ने सोच फेरि आएकाले यो हप्ता लेख लेख्ने जमर्को गरेँ। यो दिवस केवल चिठीपत्र ओसारपसार गर्ने पुरानो सेवाको सम्झना गर्ने अवसर मात्र होइन, मानिस, समाज र राष्ट्रलाई आपसमा जोड्न हुलाकले निर्वाह गरेको ऐतिहासिक भूमिकाको मूल्याङ्कन गर्ने दिन पनि हो। आज सूचना प्रविधिले संसारलाई केही सेकेन्डमै जोड्न सक्ने अवस्थामा पुऱ्याएको छ। मोबाइल, इमेल र सामाजिक सञ्जालको विस्तारसँगै कुनै समय आत्मीयता, समाचार, व्यापार र सरकारी सम्पर्कको प्रमुख माध्यम बनेको हुलाकको प्रयोग घट्दो क्रममा छ। हुलाकको इतिहास हेर्दा यो केवल पत्र पुऱ्याउने संयन्त्र थिएन, राज्य सञ्चालन, सामाजिक सम्बन्ध, व्यापारिक कारोबार र सभ्यताको विकाससँगै अघि बढेको एउटा महत्वपूर्ण संस्था थियो।



प्रसङ्गवश

कौशल कुमार भट्टराई

मानिसले टाढा रहेका आफन्त, सहयोगी वा शासकसम्म आफ्नो सन्देश पुऱ्याउन खोजेको समयदेखि नै हुलाकको अवधारणाको विकास भएको मान्न सकिन्छ। लिखित भाषा र कागजको प्रयोग व्यापक हुनुअघि पनि मानिसले दूत, घोडचढी, पैदल सन्देशवाहक तथा अन्य माध्यमबाट सूचना आदानप्रदान गर्थे। राज्यको क्षेत्र विस्तार हुँदै जाँदा शासकीय आदेश, सैनिक निर्देशन, करसम्बन्धी सूचना र कूटनीतिक सन्देश निश्चित समयभित्र गन्तव्यमा पुऱ्याउनुपर्ने आवश्यकता बढ्यो। यही आवश्यकताले सन्देशवाहकलाई व्यवस्थित गर्ने र निश्चित मार्गमा सन्देश ओसारपसार गर्ने प्रणालीको विकास गरायो।

प्राचीन इजिप्ट, फारस, चीन, रोमलगायतका सभ्यतामा विभिन्न स्वरूपका सन्देशवाहक तथा राजकीय सञ्चार प्रणाली सञ्चालनमा थिए। विशेषतः फारसी साम्राज्यमा लामो दूरीसम्म शासकीय सन्देश पुऱ्याउन घोडचढी सन्देशवाहक र बाटोमा विश्राम तथा घोडा परिवर्तन गर्न मिल्ने केन्द्रको व्यवस्था गरिएको थियो। यस्तो प्रणालीले सञ्चारलाई व्यक्तिको व्यक्तिगत प्रयासबाट राज्यको संगठित जिम्मेवारीतर्फ अघि बढायो। ती सबै प्रणाली आजको अर्थमा सर्वसाधारणका लागि खुला हुलाक सेवा थिएनन्, तिनले आधुनिक हुलाक व्यवस्थाको आधार तयार पार्न महत्त्वपूर्ण भूमिका खेले।

समयक्रममा व्यापार, नगरको विकास, राज्यहरूबीचको सम्बन्ध र जनसंख्याको विस्तारले नियमित पत्राचारको आवश्यकता

बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# सिंहदरबार वैद्यखानाको स्तर वृद्धि र विकासको जरुरी

**रमेश चन्द्र न्यौपाने**



कुनै पनि योजना संचालन गर्नको लागि अन्य विविध विषय बाहेक खासगरी उक्त योजनाको आवश्यकता, यसबाट जनताले पाउने लाभ, यसलाई संचालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, दक्ष जनशक्ति र अन्य जनशक्ति, आर्थिक श्रोत र यसबाट उत्पादित भएको बस्तुको प्रयोग वा उपभोग गर्ने जनसंख्या यिनै माथि उल्लेखित गरिएको विषयहरुलाई ध्यानमा राखेर हाल संचालन आउन नसकेको सिंहदरबार वैद्यखाना उद्योगलाई संचालन गर्न सकिन्छ। यो कुनै नयाँ योजना होइन यस संस्थाको इतिहास, पृष्ठभूमि र आवश्यकताले विचार गरेर पनि यो संस्था पूर्ण रुपमा संचालन गर्न पर्ने आवश्यकता पर्दछ। एलोप्याथिक उपचार पद्धतिको साथसाथै हाम्रो देशमा मात्र होइन विश्वभरि नै आयुर्वेद पद्धतिको औषधिहरुको आवश्यकता, महत्व र आम जनताले प्रयोग गर्न चाहेका छन्। त्यसैले गर्दा पनि नेपालको मात्र आवश्यकता नभएर आयुर्वेदिक औषधिहरु उत्पादन गर्ने सरकारीस्तरमा नै एउटा संस्थाको आवश्यकता छ।

योजनाहरु संचालन गर्ने क्रममा कसले संचालन गर्ने भन्ने विषय पनि महत्वपूर्ण हुन्छ। त्यसैले यो सिंहदरबार वैद्यखाना संचालन गर्न जिम्मेवारी स्वास्थ्य मन्त्रालयको हुन्छ। माथि उल्लेखित आधारहरुको सन्दर्भमा यसको पृष्ठभूमिलाई पनि केहि उल्लेख गर्नुपर्ने हुन्छ। "शरीर, मन, इन्द्रिय र आत्माको संयोग नै आयु हो निरन्तररुपमा चल्ने एक क्षण पनि नरोकिने भएकाले यसलाई नित्य पनि भनिन्छ। त्यस आयुको ज्ञान जुन शास्त्र वा विद्याबाट प्राप्त हुन्छ त्यो नै आयुर्वेद हो। आयुर्वेद मनुस्य जस्तै पशुपन्छी तथा विभिन्न बनस्पतिसँग पनि सम्बन्धित छ। ज्ञानको प्रारम्भ सृस्तिभन्दा पहिले भएको हो भन्ने केहि विद्वानको मत अनुसार आयुर्वेदको उत्पत्ति पनि मानिसको उत्पत्तिभन्दा पहिले नै भएको हो।" मानव जाति र पशुपन्छीहरुको जीवनको श्रृष्टिदेखि नै अन्य खानपिनको अलावा औषधिको आवश्यकता भएको देखिन्छ। हालको अवस्था हेर्ने हो भने मानिसलाई खानालाई जति खर्च चाहिन्छ त्यो भन्दा बढी औषधिमा लाग्दछ। पोषण युक्त खानामा पाँच ओटा तत्व समावेश गरिएकोमा अब औषधिलाई पनि थप गरी छवटा तत्व बनाउनुपर्ने अवस्था आएको छ।

नेपालको सर्वप्रथम अति प्राचीन राजकीय आयुर्वेदिक संस्थाहरूमा वैद्यखाना नामको एक रसायनशाला हुनमानढोका दरबारमा मल्लकालीन समयमा स्थापना भएपनि वर्तमान सिंहदरबार वैद्यखाना नामको संस्थानको स्थापना शाहवंशको सातौं स्व. श्री ५ महाराजाधिराज सुरेन्द्र वीरविक्रम शाहको समयमा भएको हो। नेपालका तात्कालीन प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले आफ्नो इच्छानुसार सुधार गरी अनेकानेक रसायन एवं वाजीकरण औषधिहरूको निर्माण गराएका थिए। यसमा महाराजा चन्द्रोदय, शिवप्रसाद, रससिन्दुर जीवनारायण तेल आदि उल्लेखनीय छन्। अष्टादश (१८) संस्कार एवं विभुक्षित पारद (Mercury) निर्माण भएको थियो। जङ्गबहादुरले हनुमानढोका दरबारबाट थापाथली दरबारमा उक्त वैद्यखानालाई स्थानान्तरित गरेका थिए। वि.सं. १९०५ साल माघ १३ गते सोमबारको दिनमा भीषण अग्निकाण्डमा परी कतिपय औषधिहरू नष्ट, भ्रष्ट भएका थिए। त्यसपछि थापाथलीबाट त्रिपुरेश्वरमा सारियो। तात्कालीन प्रधानमन्त्री चन्द्रशमशेर ज.ब.रा.द्वारा वैद्यखानाको भवन निर्माण गरी उक्त वैद्यखानालाई सिंहदरबारमा स्थापित गरियो।

इ.सं. १९३८ को द्वितीय विश्वयुद्धमा नेपालको सेनाको साथमा सिंहदरबार वैद्यखानाबाट निर्मित औषधिहरू पनि विदेशमा पठाइएका थिए। त्यसबाट विदेशी चिकित्सक (Doctor) हरू धेरै प्रभावित भएका थिए। यस वैद्यखानामा निर्मित रातोवरि अतिसार (पखाला) लागेमा र हरियो मलम सद्योव्रण (तुरुन्त काटेका घाउ) का लागि धेरै प्रभावशाली भएका थिए। राजकीय व्यवस्था अनुसार सिंहदरबार वैद्यखानाको अतिरिक्त कुनै प्रकारको धमार्थ औषधालयहरूको निर्माण भएका थिएनन्। पूर्वराजा त्रिभुवनको शासनकालमा वि.सं. २००७ मा नेपाल अधिराज्यभरमा धर्मार्थ र औषधालयहरूको निर्माण भएको हुँदा राष्ट्रपिता श्री ५ त्रिभुवनको काललाई आयुर्वेदिक स्वर्णयुग त्यस समयमा मानिएको थियो।

संसारमा मानव जातिको उत्पत्ति र विकाससँगै मानव शरीरमा रोगव्याधिहरू पनि देखापर्दै गए। त्यस्ता स्वास्थ्य समस्याहरूलाई आ-आफ्नो ज्ञानको सहायताले समाधान गर्ने प्रयत्न गर्दै आए। मानिसहरूले मानव जातिको यही प्रयोग र प्रयासस्वरूप कालान्तरमा संसारमा विभिन्न किसिमका चिकित्सा प्रणालीहरू विकसित भए। विश्वको प्राचिनतम चिकित्सा प्रणाली मानिने आयुर्वेद चिकित्सा प्रणाली नेपालको मौलिक चिकित्सा प्रणाली हो। फलस्वरूप २०५२ सालमा राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति लागू गरी त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी आयुर्वेद विभागलाई तोकियो। सो नीतिको पहिलो वाक्यमा स्पष्टतः आयुर्वेद नेपालको राष्ट्रिय चिकित्सा पद्धति हो भनिएको छ।

धेरै वर्षदेखि यसरी संचालन भैरहेको सिंहदरबार वैद्यखानाबाट उत्पादित गरिने कार्य लथालिंग र अव्यस्थित भै हाल देशमा आवश्यक पर्ने आयुर्वेदिक औषधिहरु उत्पादन हुन नसकी विदेश र निजी कम्पनीबाट आपूर्ति गर्नु परेको हुँदा नेपाल सरकार विशेष गरी स्वास्थ्य मन्त्रालयले आवश्यक पर्ने माथि उल्लेखित विषयहरुमा व्यवस्था गरी तुरुन्त यहि आर्थिक बर्ष नेपाललाई आवश्यक पर्ने आयुर्वेदिक औषधिहरु उत्पादन गरेर आयुर्वेदिक क्षेत्रमा सुधार गरेको पाइला देखाउनुपर्ने गर्नु पर्दछ।

सिंहदरबार वैद्यखानालाई पूर्ण रुपमा संचालन गर्नको लागि मात्र निम्न चरणहरु पूरा गर्नुपर्ने आवश्यकता देखिएको छ। ती हुन्ः

१. आयुर्वेद सेवाको विज्ञ समेतको संलग्न भएको योजनाकार, अर्थविद्, प्रशासनविद् सहितको एउटा उच्चस्तरीय समिति गठन गर्ने।
२. अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र स्वास्थ मन्त्रालयबीच छलफल गरी बजेटको व्यवस्था गर्ने।
३. हाल नेपाल अधिराज्य भरि आयुर्वेद संस्थाहरुमा औषधिको लागि बजेट व्यवस्था गर्ने।
४. नेपाललाई आयुर्वेदिक औषधिको कति खपत छ, जानकारी राख्ने।
५. स्वदेशी र बिदेशी गरि कति औषधि आयात हुन्छ, जानकारी राख्ने।
६. हाल भएको भन्दा अरु औषधि सेवा, जनसक्ति कति आवश्यक पर्दछ।
७. समितिको ऐन र नियम अनुसार कार्यकारी निर्देशकको नियुक्ति गर्ने।
८. आयुर्वेद महाशाखा अन्तर्गत राख्ने।

यसरी पनि सिंहदरबार वैद्यखाना औषधिउत्पादन गर्न सरकारले नसक्ने हो भने सार्वजनिक खरिद ऐन अनुसार बजेटको व्यवस्था गरी नियम अनुसार स्वदेशी तथा विदेशी निजी कम्पनीहरुलाई सरकारको निर्देशन अनुसार अरु एलोपथिक औषधिहरु खरिद बिक्रि गर्ने अनुसार भए पनि सिंहदरबार वैद्यखानालाई सक्रिय बनाउनुपर्ने देखिन्छ। सिंहदरबार वैद्यखानालाई आयुर्वेदिक हब बनाउन पनि हाल भएको पूर्वाधारहरुलाई प्रयोगमा ल्याउन सकिन्छ।

नेपाली आम जनता र एलोप्याथिक चिकित्सक, आयुर्वेद चिकित्सक र अन्य वैकल्पिक पद्धति योजनाकार र आर्थिक विज्ञहरुलाई समेत के अनुरोध गर्न चाहन्छु भने मानिसलाई लाग्ने सर्ने र नसर्ने रोगहरु जस्तै उच्चर रक्तचाप, मुटु रोग, मधुमेह, एचआइभी एड्स, क्षयरोग, क्यान्सर लगायत रोगहरु रोकथाम र नियन्त्रण गर्ने तर्फका औषधिको उत्पादन, आयात, निर्यात र वितरणतर्फ कसैको ध्यान छैन। आयुर्वेदिक औषधि उत्पादन गर्ने सिंहदरबार वैद्यखाना बारेमा सबैलाई लागेको चिन्ता जनताको स्वास्थ सुधारलाई हो कि राजनीति र प्रचारप्रसार मात्र हो यो गम्भीर विषय हुन आएको छ। हालसालै नेपाल स्वास्थ्य अनुसन्धान र आयुर्वेद अनुसन्धान केन्द्रबाट के कतिरोगहरुको बारेमा अनुसन्धान भएको छ अब नेपाललाई कस्ता कस्ता रोगहरु बारेमा कस्ता कस्ता औषधि उत्पादन आयात गर्नुपर्छ यो पनि आवश्यक भएको छ। हाल भएको सिंहदरबार वैद्यखानालाई आयुर्वेद मात्र औषधि गर्ने स्थान मात्र नगरी यहाँ शैक्षिक कार्यक्रम पनि संचालन गर्नुपर्ने आवश्यक छ। औषधि व्यवस्था विभाग, नेपाल औषधि लि. कम्पनी र अन्य निजी कम्पनीहरुको साझेधारमा भए पनि औषधि उत्पादन गर्नुपर्ने जरुरी छ। आर्थिक स्रोत र दक्ष जनशक्ति बिना सिंहदरबार वैद्यखाना संचालन गर्न कठिन छ।

## बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा **२०८३ सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना।

यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

**फ्रेंकलिन एजुकेशन एण्ड मार्केटिङ कन्सल्टेन्सी प्रा.लि. परिवार**

**काठमाडौं-१, कमलपोखरी**

## बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा **२०८३ सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना।

यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

**इनरुवा सेवा समाज परिवार**

**काठमाडौं**




## बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा **२०८३ सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना।

यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

**हरि शरण जमकटेल/कौशल कुमार भट्टराई(अधिवक्ता)**

**परिवर्तन कानूनी केन्द्र प्रा.लि.परिवार**

**काठमाडौं-११, बबरमहल**

## बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा **२०८३ सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना।

यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

**ए.वान विल्डर्स प्रा.लि.परिवार**

**काठमाडौं**






कौशल कुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल | गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**"तपाईंले संसारमा देख्न चाहेको परिवर्तन आफैंबाट शुरु गर्नुहोस्।"** – महात्मा गान्धी

**"समय सीमित छ, त्यसैले अरूको जीवन बाँचेर यसलाई खेर नफाल्नुहोस्।"** – स्टिभ जब्स

**"शिक्षा संसार परिवर्तन गर्न प्रयोग गर्न सकिने सबैभन्दा शक्तिशाली हतियार हो।"** – नेल्सन मण्डेला

**"हामीले सामना गर्ने सबैभन्दा ठूलो समस्या समस्या आफैं होइन, त्यसप्रतिको हाम्रो सोच हो।"** – स्टिफन हकिङ

**"सपना त्यो होइन जुन निदाउँदा देखिन्छ; सपना त्यो हो जसले तपाईंलाई निदाउन दिँदैन।"** – ए.पी.जे. अब्दुल कलाम

## सम्पादकीय

# विभाजन होइन, अब एकताको बाटो

नेपाली कांग्रेसको १५औं महाधिवेशनसँगै पार्टीको नेतृत्वमा देखिएको पुस्तान्तरणलाई सामान्य सांगठनिक फेरबदलका रूपमा मात्र बुझ्न मिल्दैन। गगनकुमार थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन हुनु कांग्रेसभित्र लामो समयदेखि सुनिँदै आएको परिवर्तनको चाहनाले संस्थागत रूप पाएको अवस्था हो। महाधिवेशनको पछिल्लो मतपरिणामले पनि प्रतिनिधिहरू पुरानै ढर्राको निरन्तरताभन्दा नयाँ सोच, नयाँ कार्यशैली र फरक गतिसहितको नेतृत्व खोजिरहेका थिए भन्ने सन्देश दिएको छ। लोकतान्त्रिक पार्टीमा नेतृत्वको वैधता कार्यकर्ता र प्रतिनिधिको अभिमतबाट स्थापित हुन्छ। त्यसैले महाधिवेशन सकिएपछि जित्नेले सबैलाई समेट्नु र पराजित वा असन्तुष्ट पक्षले परिणाम स्वीकार गर्नु नै लोकतान्त्रिक संस्कार हो। कांग्रेसको इतिहास जति लामो र गौरवपूर्ण छ, वर्तमान चुनौती त्यति नै गम्भीर छन्। जनतासँग कमजोर बनेको सम्बन्ध सुधार्ने, संगठनमा ऊर्जा भर्ने, नयाँ पुस्तालाई आकर्षित गर्ने र मुलुकको बदलिएको राजनीतिक मनोविज्ञानअनुसार आफूलाई रूपान्तरण गर्ने जिम्मेवारी नयाँ नेतृत्वको काँधमा आएको छ। यस्तो समयमा पार्टी फेरि आन्तरिक शक्ति परीक्षणमै अल्भियो भने महाधिवेशनबाट पैदा भएको उत्साह धेरै समय टिक्न सक्दैन।

एकातिर नयाँ कार्यसमिति बनेर कांग्रेस नयाँ यात्रातर्फ अघि बढिरहेका बेला अर्कोतिर पूर्वसभापति शेरबहादुर देउवानिकट समूहले डा. शशांक कोइरालाको संयोजकत्वमा समानान्तर रूपमा अर्को १५औं महाधिवेशनको अभ्यास गरिरहनु पार्टी हितअनुकूल देखिँदैन। कतिपय स्थानमा वडा तहकै अधिवेशन व्यवस्थित रूपमा अघि बढाउन नसकेको अवस्थामा केन्द्रमा छुट्टै महाधिवेशनको संरचना खडा गरेर वैकल्पिक वैधानिकता खोज्नुले कांग्रेसलाई बलियो होइन, झन् अन्योलग्रस्त बनाउने जोखिम हुन्छ। राजनीतिक दल केवल केही शीर्ष नेताको स्वामित्वमा रहने संस्था होइन; हजारौं कार्यकर्ताको श्रम, त्याग र पुस्तौंको योगदानले बनेको साझा राजनीतिक घर हो। त्यही घरभित्र असन्तुष्टि छ भने त्यसको समाधान अर्को घर ठड्याएर होइन, मूल घरभित्रै संवाद र समझदारी खोजेर गरिनुपर्छ। अझ बी.पी. कोइरालाको नाम र विरासतसँग जोडिएका डा. शशांक कोइरालाबाट पार्टीलाई दुई धारमा उभ्याउनेभन्दा जोड्ने भूमिकाको अपेक्षा हुनु स्वाभाविक छ। बी.पी.ले बोकेको लोकतान्त्रिक मूल्यको मर्म प्रतिस्पर्धालाई स्थायी शत्रुतामा बदल्नु होइन, फरक मतलाई समेत एउटै राजनीतिक यात्रामा समेट्नु हो। देउवाको लामो राजनीतिक अनुभव र शशांकको ऐतिहासिक पारिवारिक विरासत कांग्रेसको सम्पत्ति हुन्; ती पार्टीभित्रै उपयोग हुँदा अर्थपूर्ण हुन्छन्, समानान्तर संरचनाको आधार बनाउँदा होइन।

अब कांग्रेसका दुवै धारले आ-आफ्नो हठभन्दा पार्टीको भविष्य ठूलो हो भन्ने स्वीकार गर्नुपर्छ। गगनकुमार थापाले महाधिवेशन जितेका छन् भन्दै पुरानो नेतृत्व र उसका समर्थकलाई किनारामा धकेल्ने सोच राख्नु हुँदैन। नयाँ नेतृत्वको वास्तविक परीक्षा निर्वाचन जित्नुमा होइन, आफूलाई मत नदिने कांग्रेसजनलाई समेत विश्वासमा लिएर हिँड्न सक्नुमा हुनेछ। त्यसैगरी देउवा पक्षले पनि नेतृत्व हस्तान्तरणलाई आफ्नो राजनीतिक अस्तित्व समाप्त भएको अर्थमा लिनु आवश्यक छैन। लोकतान्त्रिक संस्थामा नेतृत्व फेरिन्छ, तर अनुभव र योगदानको मूल्य समाप्त हुँदैन। बरु देउवा, शशांकसहित पुरानो पुस्ताले नयाँ नेतृत्वलाई अनुभव हस्तान्तरण गर्दै अभिभावकीय भूमिका निर्वाह गर्न सके कांग्रेसको राजनीतिक उचाइ बढ्न सक्छ। मुलुकको राजनीति तीव्र रूपमा बदलिएको छ, मतदाताको मनोविज्ञान फेरिएको छ र नयाँ पुस्ताले दलहरूसँग परिणाममुखी राजनीति खोजिरहेको छ। यस्तो घडीमा कांग्रेस आफैंभित्र दुईवटा महाधिवेशन, दुईवटा नेतृत्व र दुईवटा वैधानिकताको विवादमा समय खर्च गरेर बस्नु हुँदैन। समानान्तर महाधिवेशनको अध्याय बन्द गरी संवादको ढोका खोल्नु, गगन नेतृत्वले सम्मानपूर्वक सबै पक्षलाई समेट्नु र सिंगो कांग्रेस एउटै संगठनका रूपमा अघि बढ्नु आजको आवश्यकता हो। नेतृत्व कसको हातमा रह्यो भन्नेभन्दा कांग्रेस कति एकताबद्ध, भरोसायोग्य र समयसापेक्ष बन्न सक्यो भन्ने कुरा नै अन्ततः इतिहासले मूल्यांकन गर्नेछ।

# दशैंको मुखमा गोल्ड कोष्टमा बिताएका दुई दिन

रन्जना सिग्देल



नेपालमा दशैंको चहलपहल शुरु हुँदै गर्दा यसपटक मेरो दशैंअघिको समय अलि फरक परिवेशमा बित्यो। घरआँगनमा जमरा राख्ने दिन नजिकिँदै थियो, बजारमा चाडपर्वको रौनक बढ्दै थियो र मनमा भने परदेशमा रहेका नेपालीले दशैं कसरी सम्झिरहेका होलान् भन्ने भाव पनि थियो। त्यही बेला छोरा स्पन्दन भट्टराईसँग अस्ट्रेलियाको प्रसिद्ध पर्यटकीय शहर गोल्ड कोष्ट घुम्ने संयोग जुऱ्यो। दुई दिनका लागि होटल तथा रिसोर्टमा बसेर समुद्र, शहर, खेलकुद र त्यहाँको जनजीवनलाई नजिकबाट हेर्ने अवसर मिल्यो। यात्रालाई अझ सहज बनाइदिए छोराका एकजना अस्ट्रेलियन साथीले। उनी आफ्नै गाडी लिएर आएका थिए।

"दुई दिनमा गोल्ड कोष्टका सबै कुरा हेर्न त सम्भव छैन, तर मुख्य ठाउँ छुटाउनु हुँदैन," उनले हाँस्दै भने। त्यसपछि शुरु भएको यात्रा मेरा लागि अस्ट्रेलियाको एउटा शहर हेर्ने भ्रमण मात्र रहेन, छोरोसँग बिताएको आत्मीय समय र परदेशमा भेटिएको नेपालीपनको एउटा मिठो स्मृति पनि बन्यो।

गोल्ड कोष्टको पहिलो प्रभाव नै फरक थियो। समुद्रतर्फ जति आँखा पुऱ्यायो उति फैलिएको नीलो पानी, त्यसको किनारमा सुनौलो बालुवा र पछाडि आकाशतिर उक्लिएका अग्ला भवन। प्रकृति र आधुनिक शहर एउटै ठाउँमा यसरी मिलेको दृश्य मैले कल्पना गरेभन्दा आकर्षक लाग्यो। गोल्ड कोष्टको समुद्री किनार करिब ५७ किलोमिटरसम्म फैलिएको छ र यसको सबैभन्दा परिचित केन्द्रमध्ये सर्फर्स प्याराडाइज पर्छ। हामी पनि पहिलो दिन त्यतैतिर पुग्यौं। सर्फर्स प्याराडाइजको नाम सुन्दा पहिले मलाई सर्फिङ गर्नेहरूकै लागि बनाइएको कुनै क्षेत्रजस्तो लाग्थ्यो। त्यहाँ पुगेपछि भने यसको अर्थ फराकिलो रहेछ भन्ने बुझियो। समुद्रमा छालसँग खेलिरहेका सर्फर, बालुवामा पल्टिएर घाम तापिरहेका मानिस, परिवारसँग खेलिरहेका बालबालिका, किनारमा हिँडिरहेका वृद्धवृद्धा र पछाडिपट्टि रेस्टुरेन्ट तथा अग्ला भवन सबै मिलेर एउटा जीवन्त चित्र बनाइरहेका थिए। समुद्रको छाल किनारमा आएर फुटेको आवाज सुन्दै केहीबेर त्यहीँ उभिँदा काठमाडौंको भीडभाड र दैनिक दौडधुप धेरै टाढा छुटेजस्तो अनुभूति भयो।

गोल्ड कोष्ट पुगेपछि सर्फिङको कुरा नगरी यात्रा पूरा हुँदैन। यहाँ सर्फिङ केवल पर्यटकले हेर्ने खेल होइन, स्थानीय जीवनशैलीकै एउटा हिस्सा रहेछ। बर्ले हेड्स र स्न्यापर रक्सजस्ता ठाउँ विश्वस्तरीय सर्फ ब्रेकका लागि प्रसिद्ध छन् भने समुद्रसँग अभ्यस्त नभएकाका लागि पनि सिक्ने व्यवस्था पाइन्छ। छोराको साथीले सर्फिङबारे बताइरहँदा हामी किनारमा केही समय खेल्यौं। समुद्रमा धेरै भित्र जाने साहस त मैले गरिनँ, तर छालसँग केहीबेर खेल्नु आफैंमा रमाइलो अनुभव भयो। पानीमा खेलिरहेका छोरालाई हेर्दा एउटा फरक अनुभूति आयो। नेपालमा हुँदा सानो छोराको हात समातेर उसलाई घुमाउन लैजाने दिन सम्झिएँ, अहिले त्यही छोरोले परदेशको समुद्री शहर मलाई देखाइरहेको थियो। समयको यात्रा पनि समुद्रको छालजस्तै रहेछ – थाहै नपाई एउटा किनारबाट अर्को किनारमा पुऱ्याउने।

पहिलो दिन हामी बर्ले हेड्सतर्फ पनि पुग्यौं। एकातिर समुद्र, अर्कोतिर हरियालीसहितको हेडल्यान्ड र टाढाबाट देखिने गोल्ड कोष्टका अग्ला भवनले त्यो क्षेत्रलाई बेग्लै सुन्दरता दिएको छ। बर्ले क्षेत्र समुद्र किनारसँगै पैदल यात्रा, सर्फिङ र आरामदायी स्थानीय जीवनशैलीका लागि परिचित छ। समुद्रको किनारमा केही समय पैदल हिँड्दा मलाई गोल्ड कोष्टको रमाइलोपन ठूलो संरचनामा भन्दा खुलापनमा बढी रहेछ जस्तो लाग्यो। यहाँ मान्छे बिहान दौडिन्छन्, साइकल चलाउँछन्, समुद्रमा पौडिन्छन्, सर्फ बोर्ड बोकेर पानीतिर लाग्छन्। हामीले बाटोमा साइकल चलाउनेदेखि स्केटबोर्ड खेल्ने युवासम्म देख्यौं। गल्फका लागि समेत गोल्ड कोष्ट प्रसिद्ध रहेछ। यस क्षेत्रमा विभिन्न स्तरका दर्जनौं गल्फ कोर्स रहेको पर्यटनसम्बन्धी आधिकारिक जानकारीमा उल्लेख छ। समुद्रसँग जोडिएका सर्फिङ, कायकिङ,



स्ट्यान्ड-अप प्याडलबोर्डदेखि जमिनमा गल्फ र साइकलसम्म हेर्दा यहाँ खेलकुदलाई छुट्टै कार्यक्रमभन्दा दैनिक जीवनसँग जोडिएको संस्कारजस्तो लाग्यो।

गोल्ड कोष्टको अर्को परिचय मनोरञ्जनका ठूला 'थिम पार्क' हुन्। ड्रीमवर्ल्ड, वार्नर ब्रदर्स मुभी वर्ल्ड, सी वर्ल्ड र वेट 'एन' वाइल्डजस्ता ठाउँका कारण परिवारसहित घुम्न आउनेहरूको यहाँ ठूलो आकर्षण छ। दुई दिनको छोटो बसाइ भएकाले सबै पार्कभित्र पुगेर लामो समय बिताउने अवसर थिएन तर गाडीमा जाँदा ती क्षेत्र हेर्दै छोराको साथीले कुन ठाउँ केका लागि चर्चित छ भनेर सुनाइरहे। कतै विशाल रोलर कोस्टर देखिन्थ्यो, कतै पानीका खेलका संरचना। मलाई चाहिँ गोल्ड कोष्टको यही विशेषता रमाइलो लाग्यो त्यो के भने एउटै ठाउँमा समुद्रमा शान्त भएर बस्न पनि पाइने, साहसिक खेलमा रमाउन पनि पाइने र परिवारसँग मनोरञ्जन पार्कमा पूरा दिन बिताउन पनि सकिने।

साँझ होटल फर्कने क्रममा गोल्ड कोष्टको अर्को रूप देखियो। दिनमा समुद्र र घामले चम्किएको शहर राति बत्तीले झन् रंगीन बन्दोरहेछ। सर्फर्स प्याराडाइज वरिपरिका अग्ला भवन, पसल, क्याफे र रेस्टुरेन्टमा मानिसको चहलपहल थियो। हामी दुई रात होटल-रिसोर्टमा बस्यौं। दिनभरि घुमेर साँझ कोठामा फर्कंदा शरीर थाकेको हुन्थ्यो तर मनमा भने दिनभरिका दृश्य फेरि चलिरहेका हुन्थे। झ्यालबाट बाहिर हेर्दा परदेशको चम्किलो शहर देखिन्थ्यो, अनि मनचाहिँ नेपाल पुग्थ्यो। दशैंको मुखमा नेपालबाहिर हुनुको एउटा छुट्टै अनुभूति हुँदोरहेछ। जहाँ पुगे पनि टीका, जमरा, परिवारको जमघट र घरको खानाको सम्झना मनको कुनै कुनामा सँगै हिँडिरहेको हुँदोरहेछ।

त्यो सम्झना झन् बलियो भयो जब गोल्ड कोष्टमै नेपाली अनुहार भेटिन थाले। समुद्र किनारमा हिँड्दा होस् वा बजारतिर पुग्दा, नेपाली भाषा कानमा परेपछि अनायासै ध्यान त्यतैतिर जाँदोरहेछ। कोही पढ्न आएका विद्यार्थी, कोही काममा रहेका युवा, कोही परिवारसहित घुम्न आएका नेपाली भेटिए। दशैं नजिकिएकाले कुराकानी पनि अन्ततः नेपाल र चाडपर्वमै पुग्थ्यो। "दशैंमा नेपाल जाने हो?" भन्ने प्रश्न परदेशका नेपालीबीच सामान्य अभिवादनजस्तै लाग्यो। हजारौं किलोमिटर टाढा समुद्रको किनारमा उभिएर नेपाली बोलिरहेका मानिस भेट्दा भूगोलले मानिसलाई टाढा पुऱ्याए पनि भाषा र संस्कृतिले फेरि नजिक ल्याउँदोरहेछ भन्ने अनुभूति भयो।

अझ रमाइलो त गोल्ड कोष्टमा नेपाली खाना खोज्न धेरै कठिन नहुने रहेछ। सर्फर्स प्याराडाइजमै Kathmandu Momo जस्ता नेपाली रेस्टुरेन्ट छन् भने Momo House Goldcoast पनि त्यही क्षेत्रमा भेटिन्छ। साउथपोर्टतिर RaiÚs Sekuwa Corner जस्ता नेपाली स्वादका ठाउँसमेत सञ्चालनमा छन्। परदेशमा मोमो, सेकुवा, दालभात र नेपाली मसला मिसिएको खानाको नाम देख्दा मात्रै पनि आफ्नोपन महसुस हुँदोरहेछ। विदेशमा बसेका नेपालीका लागि यस्ता रेस्टुरेन्ट खाना खाने ठाउँ मात्र होइनन्, कहिलेकाहीँ नेपाल भेटिने सानो चौतारी पनि रहेछन् भन्ने लाग्यो। नेपाली गीत बजिरहेको, नेपाली भाषामा कुरा भइरहेको र टेबलमा मोमो आइरहेको दृश्यले केही क्षणका लागि गोल्ड कोष्ट र काठमाडौंको दूरी घटाइदियो।

दोस्रो दिन हामी समुद्र किनारसँगै केही शान्त ठाउँतर्फ पनि लाग्यौं। गोल्ड कोष्ट भनेको सर्फर्स प्याराडाइजका अग्ला भवन र समुद्र मात्र रहेनछ। यसको भित्री 'हिन्टरल्यान्ड' क्षेत्रमा वर्षावन, झरना, पहाडी बस्ती र पैदल यात्राका मार्गसमेत छन्। स्प्रिङब्रुक र ल्यामिङ्टनजस्ता राष्ट्रिय निकुञ्ज यसै क्षेत्रका प्राकृतिक आकर्षण हुन्। Queensland छोटो समयका कारण सबै ठाउँ विस्तारमा पुग्न नसके पनि समुद्रबाट केही पर जाँदा दृश्य परिवर्तन भएको अनुभवले मलाई विशेष प्रभावित गऱ्यो। केही समयअघि समुद्रका छाल हेरिरहेको मानिस केही बेरको गाडी यात्रापछि हरियाली र पहाडी प्रकृतितर्फ पुग्न सक्ने भन्ने कुरा नै गोल्ड कोष्टको आकर्षण शायद यही विविधतामा रहेछ।

दुई दिनको यात्रा सकिएर फर्किने बेला मलाई ठाउँभन्दा बढी केही क्षणहरूले छोए। गाडी चलाइरहेका छोराका अस्ट्रेलियन साथीको आत्मीय व्यवहार, बाटो देखाउँदै हिँडेको छोरो, समुद्रको किनारमा भेटिएका नेपाली, दशैंको कुरा गर्दै मुस्कुराएका अपरिचित अनुहार, नेपाली खानाको बासना र रातको उज्यालोमा चम्किएको शहर। यी सबै छुट्टाछुट्टै दृश्य थिए, तर फर्कंदा एउटै सम्झना बने। कुनै ठाउँ सुन्दर भएर मात्र यात्रा अविस्मरणीय हुँदैन रहेछ; त्यो ठाउँमा कोसँग पुगियो, के महसुस गरियो र कुन क्षणले आफ्नो जीवनको कुनै पुरानो सम्झनालाई छोयो भन्ने कुराले यात्राको वास्तविक अर्थ बनाउँदोरहेछ।

गोल्ड कोष्टबाट फर्कंदा समुद्र त्यहीँ थियो, छालहरू उसैगरी किनारमा आइरहेका थिए र पर्यटकहरू आफ्नै रमाइलोमा थिए तर मभित्र भने केही थपिएको थियो। नेपालबाट टाढा, दशैंको मुखमा, छोरासँग बिताएका ती दुई दिनले मलाई एउटा सानो सत्य सम्झाए कि संसार जतिसुकै फराकिलो भए पनि मानिसले आफ्नोपन बोकेरै यात्रा गर्दोरहेछ। गोल्ड कोष्टमा मैले समुद्र र आधुनिक शहर मात्र देखिनँ; परदेशमा फैलिएको नेपाली जीवन देखेँ, छोरासँगको सम्बन्धको अर्को अध्याय अनुभव गरेँ र घरभन्दा धेरै टाढा पुगेर पनि दशैं आउँदै गरेको नेपालको सुवास महसुस गरेँ।

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

## – प्राविधिक जनशक्तिको उर्वर भूमि तराई–

# अब छोरीको शिक्षामा फड्को आवश्यक

**ईश्वरी बराल**

> यही सामाजिक पृष्ठभूमिमा 'बेटी बचाओ, बेटी पढाओ' जस्ता नाराले अर्थ राख्छन् तर नारा भित्तामा लेखेर, त्यालीमा बोलेर वा औपचारिक कार्यक्रममा दोहोऱ्याएर मात्र परिवर्तन सम्भव हुँदैन। यसको वास्तविक अर्थ छोरी जन्मिएको दिनदेखि उसलाई छोरा सरह अवसर दिनु हो। छोराका लागि राम्रो विद्यालय खोज्ने परिवारले छोरीका लागि पनि त्यही विद्यालय खोजोस्; छोरालाई विज्ञान, चिकित्सा वा इन्जिनियरिङ पढाउने सपना देख्दा छोरीलाई पनि त्यही सपना देख्न दिइयोस्। तब मात्र नाराले जीवन पाउँछ।



नेपालको तराई केवल अन्न उत्पादनको उर्वर भूमि होइन, जनशक्ति उत्पादनका दृष्टिले पनि निकै सम्भावनायुक्त क्षेत्र हो। चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधि, कृषि, निर्माण, प्राविधिक सेवा, उद्योग-व्यवसायदेखि सरकारी तथा निजी सेवाका विभिन्न क्षेत्रमा तराई-मधेशबाट आएका दक्ष जनशक्तिको उल्लेख्य उपस्थिति देखिन्छ। विशेषतः डाक्टर, इन्जिनियर र अन्य प्राविधिक क्षेत्रमा तराईका परिवारले शिक्षालाई सामाजिक प्रतिष्ठा र आर्थिक उन्नतिको भरपर्दो माध्यमका रूपमा लिएको पाइन्छ। यही सकारात्मक चित्रको अर्को पाटोमा एउटा गम्भीर विरोधाभास पनि छ कि छोरालाई उच्च र प्राविधिक शिक्षासम्म पुऱ्याउन ठूलो लगानी गर्ने समाजका कतिपय हिस्सामा छोरीको शिक्षाले अझै त्यही प्राथमिकता पाउन सकेको छैन।

यो केवल अनुमान वा सामाजिक अनुभूतिमा सीमित विषय होइन। राष्ट्रिय जनगणना २०७८ को तथ्यांक हेर्दा तराई क्षेत्रमा पाँच वर्षमाथिको जनसंख्याको साक्षरता दर ७३.१ प्रतिशत छ। पुरुषको साक्षरता ८०.५ प्रतिशत हुँदा महिलाको ६६.१ प्रतिशत मात्र छ। अर्थात् तराईमा महिला र पुरुषको साक्षरताबीच १४ प्रतिशत बिन्दुभन्दा बढी अन्तर देखिन्छ। अझ मधेश प्रदेशलाई अलग गरेर हेर्दा अवस्था थप चुनौतीपूर्ण छ। त्यहाँ समग्र साक्षरता ६३.५ प्रतिशत हुँदा पुरुषको ७२.५ प्रतिशत र महिलाको केवल ५४.७ प्रतिशत छ जबकि राष्ट्रिय रूपमा महिला साक्षरता ६९.४ प्रतिशत छ।

यस तथ्यांकले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ कि डाक्टर र इन्जिनियर जन्माउने घरले आफ्नै छोरीलाई किन बीचैमा पढाइबाट अलग गर्ने अवस्था आउँछ ? यसको उत्तर कुनै एउटा कारणमा खोज्न सकिँदैन। आर्थिक अवस्था, सामाजिक परम्परा, कम उमेरमा विवाह, घरायसी जिम्मेवारी, विद्यालयको दूरी, सुरक्षाप्रतिको चिन्ता, दाइजोको दबाब र छोरी अन्ततः विवाह गरेर अर्काको घर जाने हो भन्ने पुरानो सोच एकअर्कासँग जोडिएका छन्। सबै परिवार र समुदायलाई एउटै आँखाले हेर्न मिल्दैन; तर समग्र तथ्यांकले लैङ्गिक असमानता अझै गहिरो रहेको प्रस्ट पार्छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले यो अन्तरलाई अर्को कोणबाट देखाउँछ। मधेश प्रदेशका १५-४९ वर्ष उमेर समूहका महिलामध्ये करिब ४६ प्रतिशतले औपचारिक शिक्षा नपाएको देखाएको छ भने माध्यमिक वा त्यसभन्दा माथिको शिक्षा पूरा गरेका महिला केवल ८ प्रतिशत थिए। सोही तहको शिक्षा पूरा गर्ने पुरुष १४ प्रतिशत थिए। तुलनाका लागि बागमतीमा माध्यमिक वा माथिल्लो तह पूरा गरेका महिला ३० प्रतिशत थिए। यो अन्तरले मधेशमा विद्यालय प्रवेश मात्र होइन, छोरीलाई विद्यालयमा टिकाइराख्ने र उच्च शिक्षासम्म पुऱ्याउने विषय अझ महत्वपूर्ण रहेको देखाउँछ।

यही सामाजिक पृष्ठभूमिमा 'बेटी बचाओ, बेटी पढाओ' जस्ता नाराले अर्थ राख्छन् तर नारा भित्तामा लेखेर, त्यालीमा बोलेर वा औपचारिक कार्यक्रममा दोहोऱ्याएर मात्र परिवर्तन सम्भव हुँदैन। यसको वास्तविक अर्थ छोरी जन्मिएको दिनदेखि उसलाई छोरा सरह अवसर दिनु हो। छोराका लागि राम्रो विद्यालय खोज्ने परिवारले छोरीका लागि पनि त्यही विद्यालय खोजोस्; छोरालाई विज्ञान, चिकित्सा वा इन्जिनियरिङ पढाउने सपना देख्दा छोरीलाई पनि त्यही सपना देख्न दिइयोस्। तब मात्र नाराले जीवन पाउँछ।

रोचक कुरा के छ भने विद्यालय जाने उमेरका छोरीहरूको संख्या र सहभागिताले परिवर्तनको सम्भावना पनि देखाइरहेको छ। आर्थिक सर्वेक्षणमा समेटिएको शैक्षिक तथ्यांकअनुसार सन् २०२१ मा विद्यालय तहमा अध्ययनरत छात्राको संख्या सबैभन्दा धेरै मधेश प्रदेशमै थियो। यसको अर्थ छोरीहरू विद्यालयको ढोकासम्म पुग्न थालेका छन्। अब मुख्य चुनौती उनीहरूलाई कक्षा पाँच वा आठमा रोक्न नदिई माध्यमिक, उच्च माध्यमिक, विश्वविद्यालय र प्राविधिक शिक्षासम्म पुऱ्याउनु हो। यही ठाउँमा राज्य, स्थानीय सरकार, विद्यालय र परिवारको साझा जिम्मेवारी शुरु हुन्छ।

अर्कोतर्फ कम उमेरको विवाह पनि शिक्षासँग प्रत्यक्ष जोडिएको समस्या हो। २०७८ को जनगणनाको मधेश प्रदेशसम्बन्धी प्रतिवेदनअनुसार त्यहाँ पहिलो विवाहको मध्यिका उमेर पुरुषमा २० वर्ष हुँदा महिलामा १७ वर्ष मात्रै छ। पहिलो विवाह भएकामध्ये १०-१४ वर्षमै विवाह हुने अनुपातसमेत उल्लेखनीय देखिन्छ। छोरी किशोरावस्थामै विवाहमा बाँधिएपछि पढाइ छुट्ने, आर्थिक रूपमा अरूमाथि निर्भर हुने र आफ्नो पेशा छनोट गर्ने अवसर साँघुरिने जोखिम स्वाभाविक रूपमा बढ्छ। त्यसैले बालविवाह रोक्नु कानुनी प्रश्न मात्र होइन, छोरीको शिक्षाको निरन्तरतासँग जोडिएको विकासको प्रश्न पनि हो।

तराई-मधेशका लागि सबैभन्दा ठूलो सम्भावना पनि यहीँ छ। अहिले एउटा परिवारबाट छोरा चिकित्सक बनेको छ भने भोलि त्यही परिवारकी छोरी विशेषज्ञ चिकित्सक बन्न सक्छिन्। एउटा गाउँले इन्जिनियर उत्पादन गरेको छ भने त्यही गाउँबाट महिला सिभिल इन्जिनियर, आर्किटेक्ट, कृषि वैज्ञानिक, सफ्टवेयर इन्जिनियर वा अनुसन्धानकर्ता निस्कन सक्छिन्। त्यसका लागि छोरीलाई अवसरको ढोका खोलिदिनुपर्छ। प्रतिभाको कुनै लिङ्ग हुँदैन; अवसरको असमानताले मात्रै प्रतिभाको यात्रालाई रोक्छ।

विशेषतः विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणिततर्फ छात्रालाई आकर्षित गर्ने छुट्टै कार्यक्रम आवश्यक देखिन्छ। माध्यमिक तहदेखि विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षा, छात्रवृत्ति र करिअर परामर्शसँग छात्रालाई जोड्न सकिन्छ। आर्थिक रूपमा कमजोर परिवारका छोरीलाई उच्च तथा प्राविधिक शिक्षाका लागि छात्रवृत्ति, सुरक्षित छात्रावास र यातायातको व्यवस्था गर्न सकिन्छ। स्थानीय तहले आफ्नो क्षेत्रका विद्यालय छाड्ने छात्राको विवरण राखेर किन पढाइ छुट्यो भन्ने खोजी गर्ने प्रणाली बनाउन सक्छन्। कुनै छोरी आर्थिक अभावका कारण पढाइबाट बाहिरिन लागेकी छ भने उसलाई विद्यालयमा टिकाउने जिम्मेवारी समुदाय र सरकार दुवैले लिन सक्नुपर्छ।

अझ महत्वपूर्ण परिवर्तन भने घरभित्र चाहिन्छ। घरको काम छोरीकै मात्र जिम्मेवारी हो भन्ने मान्यता नबदलिँदासम्म विद्यालयमा नाम लेखाएर मात्रै समानता आउँदैन। छोराले पढ्ने समयमा छोरीले भान्साको काम गर्नुपर्ने, छोराका लागि ट्युसन र कम्प्युटर किन्ने तर छोरीलाई चाँडै विवाहका लागि तयार गर्ने प्रवृत्ति रहेसम्म तथ्यांकको अन्तर घटाउन कठिन हुन्छ। छोरीको शिक्षामा गरिएको खर्चलाई विवाहअघिको अनावश्यक खर्च होइन, परिवार र राष्ट्रको दीर्घकालीन लगानीका रूपमा बुझ्न आवश्यक छ।

शिक्षित महिला केवल आफ्नो जीवन बदल्ने व्यक्ति होइनन्। उनी परिवारको स्वास्थ्य, बालबालिकाको शिक्षा, आर्थिक निर्णय र सामाजिक चेतनासँग जोडिन्छिन्। शिक्षित तथा आयआर्जनमा सक्षम छोरीले बाबुआमालाई पनि सहारा दिन सक्छिन् भन्ने उदाहरण समाजमै बढ्दै छन्। त्यसैले 'छोरी त अर्काको घर जाने हो' भन्ने पुरानो मान्यता आजको आर्थिक र सामाजिक वास्तविकतासँग मेल खाँदैन।

तराई-मधेशले नेपाललाई ठूलो संख्यामा प्रतिभाशाली चिकित्सक, इन्जिनियर, प्राविधिक, शिक्षक, उद्यमी र दक्ष जनशक्ति दिएको छ। अब यही क्षमतालाई आधा जनसंख्यामा अझ विस्तार गर्ने बेला आएको छ। महिला साक्षरता ५४.७ प्रतिशतमा सीमित रहेको मधेशले छोरीलाई उच्च शिक्षासम्म पुऱ्याउन सके त्यसको प्रभाव एउटा प्रदेशमा मात्र सीमित रहने छैन; त्यसले समग्र नेपालको मानव पूँजीलाई बलियो बनाउनेछ।

त्यसैले अब 'बेटी बचाओ, बेटी पढाओ' लाई नाराभन्दा एक कदम अगाडि लैजानुपर्छ अर्थात बेटी पढाओ, सीप सिकाओ, अवसर दिलाओ र आफ्नै खुट्टामा उभिन सक्ने बनाओ। छोरी विद्यालय पुग्नु पहिलो सफलता हो; विश्वविद्यालय र प्राविधिक शिक्षासम्म पुग्नु दोस्रो सफलता हो; र आफ्नो ज्ञान, सीप तथा क्षमताका आधारमा स्वतन्त्र जीवन निर्माण गर्न सक्नु वास्तविक सफलता हो।

तराईले धेरै डाक्टर र इन्जिनियर जन्माइसकेको छ। अब प्रश्न कति प्राविधिक जन्मिए भन्ने मात्र होइन, तीमध्ये कति छोरीहरू थिए भन्ने पनि हुनुपर्छ। जुन दिन तराईको प्रत्येक परिवारले छोराका लागि देखेको ठूलो सपना छोरीका लागि पनि समान रूपमा देख्न थाल्छ, त्यस दिन 'बेटी बचाओ, बेटी पढाओ' नारा होइन, बदलिएको समाजको परिचय बन्नेछ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता काममा नयाँ उत्साह आउनेछ। रोकिएका काम अघि बढ्ने र आफ्नो क्षमता देखाउने अवसर मिल्नेछ। आर्थिक पक्ष सामान्य रहे पनि अनावश्यक खर्चले दबाब दिन सक्छ। परिवारका सदस्यसँगको सम्बन्धमा आत्मीयता बढ्नेछ। नयाँ जिम्मेवारी पाउन सकिनेछ। प्रेम तथा दाम्पत्य जीवनमा पुराना असमझदारी हट्नेछन्। स्वास्थ्यमा खानपान र आराममा ध्यान दिनु राम्रो हुनेछ। यात्रा गर्दा सावधानी अपनाउनुहोस्।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
साता मिश्रित रहनेछ। काममा केही ढिलाइ भए पनि अन्ततः सकारात्मक परिणाम हात लाग्नेछ। आर्थिक कारोबार गर्दा कागजात र हिसाबकिताबमा विशेष ध्यान दिनुहोला। साथीभाइबाट उपयोगी सहयोग मिल्नेछ। परिवारमा महत्वपूर्ण विषयमा छलफल हुन सक्छ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। व्यवसाय गर्नेहरूका लागि नयाँ अवसर आउन सक्छ। स्वास्थ्य सामान्य रहनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
नयाँ योजना बनाउने र त्यसलाई कार्यान्वयन गर्ने राम्रो समय छ। अध्ययन, लेखन तथा सिर्जनात्मक काममा सफलता मिल्नेछ। कार्यालयमा तपाईंको कामको प्रशंसा हुन सक्छ। आर्थिक लाभको सम्भावना रहे पनि हतारमा लगानी नगर्नुहोस्। टाढा रहेका आफन्तसँग सम्पर्क बढ्नेछ। प्रेम सम्बन्धमा रमाइलो वातावरण बन्नेछ। मानसिक तनाव कम गर्न पर्याप्त निद्रा लिनु राम्रो हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
यस साता आत्मविश्वास बढ्नेछ। लामो समयदेखि अल्झिएको काम समाधानतर्फ जानेछ। व्यवसायमा नयाँ ग्राहक वा अवसर थपिन सक्छ। आर्थिक अवस्था सुधारोन्मुख हुनेछ। परिवारमा तपाईंको निर्णयलाई महत्व दिइनेछ। प्रेम सम्बन्धमा भावनात्मक निकटता बढ्नेछ। यात्राको अवसर मिल्न सक्छ। पुराना साथीबाट उपयोगी सूचना प्राप्त हुनेछ। स्वास्थ्यमा सामान्य कमजोरी देखिए पनि ठूलो समस्या रहनेछैन।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
महत्वपूर्ण निर्णय लिनुपर्ने साता हो। कामको जिम्मेवारी बढे पनि त्यसबाट प्रतिष्ठा प्राप्त हुनेछ। नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ। आर्थिक क्षेत्रमा अपेक्षा गरेभन्दा राम्रो परिणाम आउन सक्छ। परिवारमा कुनै सदस्यको उपलब्धिले खुसी ल्याउनेछ। प्रेममा आफ्नो कुरा मात्र सही ठान्दा समस्या आउन सक्छ, त्यसैले संवादलाई प्राथमिकता दिनुहोस्। स्वास्थ्यमा रक्तचाप तथा तनावप्रति सचेत रहनु राम्रो हुनेछ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
मेहनतअनुसार परिणाम प्राप्त हुने समय छ। नयाँ काम शुरु गर्नुभन्दा पहिले पर्याप्त तयारी गर्नु लाभदायक हुनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुपर्नेछ। रोजगारीमा परिवर्तन खोजिरहेकाहरूका लागि अवसरको ढोका खुल्न सक्छ। परिवारमा सामान्य मतभेद भए पनि चाँडै समाधान हुनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। विद्यार्थीका लागि समय अनुकूल छ। स्वास्थ्यका लागि नियमित व्यायाम उपयोगी हुनेछ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
यो साता सामाजिक तथा व्यावसायिक सम्पर्कबाट फाइदा लिन सकिनेछ। नयाँ व्यक्तिसँगको भेट भविष्यका लागि उपयोगी बन्न सक्छ। रोकिएको रकम प्राप्त हुने सम्भावना छ। काममा प्रतिस्पर्धा बढे पनि आफ्नो क्षमता देखाउन सकिनेछ। दाम्पत्य जीवनमा खुशीको वातावरण रहनेछ। प्रेम प्रस्ताव प्राप्त हुन सक्छ। पारिवारिक कार्यक्रममा सहभागी हुने अवसर मिल्नेछ। यात्रामा खर्च बढ्न सक्छ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
आत्मबल बढ्ने साता हो। कठिन देखिएका कामसमेत योजनाबद्ध ढंगले अघि बढाउँदा सफल हुनुहुनेछ। आर्थिक क्षेत्रमा नयाँ सम्भावना देखिनेछ तर अरूको भरमा ठूलो आर्थिक निर्णय नगर्नुहोस्। परिवारमा पुरानो विवाद समाधान हुन सक्छ। प्रेम सम्बन्धमा सकारात्मक परिवर्तन आउनेछ। अध्ययनमा एकाग्रता बढ्नेछ। स्वास्थ्यमा पेटसम्बन्धी समस्या हुन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोला।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
साता उत्साहजनक रहनेछ। काममा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। विदेश वा टाढाको स्थानसँग सम्बन्धित कामबाट लाभ मिल्ने सम्भावना छ। आर्थिक पक्ष सबल बन्दै जानेछ। परिवारका सदस्यको सहयोग प्राप्त हुनेछ। प्रेम सम्बन्धमा खुसीको खबर आउन सक्छ। सामाजिक क्षेत्रमा तपाईंको सक्रियताको चर्चा हुनेछ। लामो यात्राको योजना बन्न सक्छ। स्वास्थ्यमा थकान महसुस भए पर्याप्त आराम गर्नुहोस्।

**मकर (भो, जा, जि, जु, जे, जो, खा, खि, खु, खे, खो, गा, गि)**
काममा निरन्तरता आवश्यक पर्ने साता हो। तत्काल परिणाम नआए पनि धैर्य राख्दा लाभ हुनेछ। आर्थिक कारोबारमा पुरानो समस्या समाधान हुने सम्भावना छ। नयाँ लगानीका लागि समय सामान्य छ। परिवारमा महत्वपूर्ण निर्णय लिनुपर्ने हुन सक्छ। दाम्पत्य जीवनमा सानो कुरालाई लिएर विवाद हुन सक्ने भएकाले संयम अपनाउनुहोस्। विद्यार्थीले मेहनत गरे राम्रो उपलब्धि हासिल गर्न सक्नेछन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
नयाँ सोच र योजनाले सफलता दिलाउन सक्छ। आफ्नो क्षमतामा विश्वास गरेर अघि बढ्नुहोस्। जागिर तथा व्यवसायमा सकारात्मक परिवर्तनको संकेत छ। आर्थिक लाभका नयाँ बाटा खुल्न सक्छन्। साथीभाइको सहयोगबाट महत्वपूर्ण काम पूरा हुनेछ। प्रेम जीवनमा सुखद समाचार प्राप्त हुन सक्छ। परिवारमा खुशीको वातावरण बन्नेछ। स्वास्थ्य सामान्य रहनेछ, तर अनियमित दिनचर्याबाट बच्नु राम्रो हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
यो साता विगतमा गरेका मेहनतको परिणाम प्राप्त गर्ने समय हो। रोकिएका काम क्रमशः पूरा हुँदै जानेछन्। आर्थिक स्थिति सुधार हुनेछ र आम्दानीको नयाँ स्रोतबारे सोच बन्न सक्छ। काममा वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ। परिवारमा आपसी समझदारी बढ्नेछ। प्रेम तथा दाम्पत्य जीवनमा आत्मीयता कायम रहनेछ। धार्मिक वा रमणीय स्थानको यात्रा हुन सक्छ। स्वास्थ्यमा सामान्य कमजोरी भए पनि आरामले सुधार हुनेछ।

बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा २०८३ **सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना। यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

कृष्ण बहादुर नगरकोटी (अध्यक्ष)

प्रविधि कन्स्ट्रक्सन प्रा. लि. परिवार

काठमाडौं

सुन चाँदीका गहनाका लागि

हामीलाई सम्झिनु होस्

विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।

तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।

सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।





न्यु बुद्ध गहना गृह

मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं

फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी
तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि
सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# गल्फ खेल कस्तो खेल हो ?

खुला हरियाली मैदान, हातमा विशेष प्रकारको लौरो र आँखाअगाडि एउटा सानो बल। झट्ट हेर्दा गल्फमा यत्ति नै देखिन्छ। त्यो सानो बललाई सयौं मिटरको दूरी पार गराउँदै अन्ततः केही इन्चको प्वालसम्म पुऱ्याउन खेलाडीले जति संयम, सीप र मानसिक एकाग्रता देखाउनुपर्छ, त्यही नै यस खेलको वास्तविक सौन्दर्य हो। गल्फमा प्रतिद्वन्द्वीको गति रोक्न पाइँदैन, उसलाई धकेल्न वा छेक्नुपर्दैन। खेलाडीको सबैभन्दा ठूलो प्रतिस्पर्धा मैदानको प्रकृति, हावाको दिशा, दूरी र आफ्नै निर्णयसँग हुन्छ। कुनै समय दरबार, सम्भ्रान्त वर्ग र धनाढ्यहरूको फुर्सदको खेलका रूपमा परिचित गल्फ आज विश्वव्यापी व्यावसायिक खेल बनिसकेको छ।

नेपालमा पनि यसको यात्रा निकै पुरानो छ, यद्यपि आमखेलका रूपमा विस्तार हुन भने अझै बाँकी छ। गल्फसँग मिल्दोजुल्दो खेल प्राचीनकालमा विभिन्न भूभागमा खेलिएको चर्चा पाइए पनि अहिले संसारले चिनेको आधुनिक गल्फको मूलथलो स्कटल्यान्डलाई मानिन्छ। समुद्री किनार आसपासका खुला घाँसे मैदानमा बललाई लौरोले हिर्काएर निश्चित लक्ष्यसम्म पुऱ्याउने अभ्यास क्रमशः व्यवस्थित खेलमा परिणत भएको थियो। पन्ध्रौं शताब्दीसम्म पुग्दा स्कटल्यान्डमा यसको लोकप्रियता यति बढिसकेको थियो कि सन् १४५७ मा राजा जेम्स द्वितीयले सैनिकहरूले धनुर्विद्याको अभ्यास छाडेर गल्फ र फुटबलमा समय बिताएको भन्दै ती खेलमाथि रोक लगाउने कानूनसमेत जारी गरेका थिए। पछि प्रतिबन्ध हट्दै गयो र गल्फ स्कटल्यान्डको खेल संस्कृतिसँग गहिरोसँग जोडियो। अठारौं शताब्दीमा लिखित नियम बन्न थालेपछि यसले व्यवस्थित प्रतिस्पर्धाको रूप लियो। उन्नाइसौं शताब्दीमा बेलायती प्रभाव फैलिएका मुलुकमा गल्फ पनि पुग्यो। त्यसपछि युरोप, अमेरिका, एशिया, अफ्रिका र अस्ट्रेलियासम्म विस्तार हुँदै आधुनिक समयमा यो प्रतिष्ठित अन्तर्राष्ट्रिय खेल बन्यो।

बेलायतको ‘द ओपन’, अमेरिकाको ‘यूएस ओपन’, ‘मास्टर्स’ र ‘पीजीए च्याम्पियनसिप’ आज पुरुष गल्फका सर्वाधिक प्रतिष्ठित प्रतियोगितामध्ये गनिन्छन्। सन् २०१६ को रियो ओलम्पिकबाट गल्फ पुनः ओलम्पिक खेलमा फर्किएपछि यसको विश्वव्यापी खेल पहिचान अझ फराकिलो बनेको छ।

गल्फ बुझ्न यसको मैदान बुझ्नु आवश्यक हुन्छ। क्रिकेट वा फुटबलमा जस्तो लगभग एउटै आकारको मैदान गल्फमा हुँदैन। कुनै कोर्स समथर हुन्छ, कुनै उकालो-ओरालो, कतै रूखले घेरिएको हुन्छ भने कतै पोखरी, खोल्सा वा बालुवाका खाल्डा चुनौती बनेर उभिएका हुन्छन्। सामान्यतया पूर्ण गल्फ कोर्समा १८ होल हुन्छन्। खेलाडीले प्रत्येक होलको शुरुआती स्थान अर्थात् ‘टी’ बाट बल प्रहार गर्छ र कमभन्दा कम प्रहारमा त्यसलाई अन्तिम ‘ग्रिन’ मा रहेको प्वालमा पुऱ्याउने प्रयास गर्छ। बीचको राम्रोसँग काटिएको घाँसे बाटोलाई ‘फेयरवे’ भनिन्छ। त्यसबाहिर बाक्लो घाँस भएको ‘रफ’, बालुवाका ‘बङ्कर’ र पानी वा अन्य प्राकृतिक अवरोधले खेललाई कठिन बनाउँछन्। त्यसैले शक्तिशाली प्रहार गर्न सक्नु मात्र राम्रो गल्फरको विशेषता होइन। बल कहाँ खसाल्ने, कुन दिशामा खेल्ने र जोखिम कति लिने भन्ने निर्णय उत्तिकै महत्वपूर्ण हुन्छ।

यस खेलमा एउटै लौरोले सबै काम हुँदैन। लामो दूरीमा बल पठाउन ‘ड्राइभर’, मध्यम वा फरक दूरीका लागि विभिन्न ‘आइरन’ र छोटो तथा विशेष प्रहारका लागि ‘वेज’ प्रयोग गरिन्छ। प्वाल नजिकको ग्रिनमा पुगेपछि बल गुडाउन ‘पटर’ चाहिन्छ। प्रत्येक होलका लागि त्यसलाई पूरा गर्न अपेक्षित प्रहार संख्या तोकिएको हुन्छ, जसलाई ‘पार’ भनिन्छ। पार चारको होल चार प्रहारमै पूरा भयो भने खेलाडीले पार बनायो। एक प्रहार कममा सके ‘बर्डी’ र एक बढी लागे ‘बोगी’ भनिन्छ। पारभन्दा दुई कम प्रहारलाई ‘इगल’ भनिन्छ। अधिकांश प्रतियोगितामा १८ होलको निर्धारित राउन्ड पूरा गरेपछि सबैभन्दा कम कुल प्रहार गर्ने खेलाडी अगाडि रहन्छ। यसरी हेर्दा गल्फमा बललाई जोडले हिर्काउने क्षमताभन्दा सही रणनीति, निरन्तरता र गल्ती कम गर्ने कला बढी निर्णायक हुन्छ।

गल्फको चर्चा हुँदा बारम्बार उठ्ने अर्को प्रश्न हो कि यसलाई किन धनाढ्यहरूको खेल भनिन्छ ? यसको उत्तर खेलको प्रकृति र इतिहास दुवैमा भेटिन्छ। एउटा व्यवस्थित गल्फ कोर्सका लागि ठूलो भूभाग चाहिन्छ। घाँसलाई निश्चित उचाइमा राख्ने, सिँचाइ गर्ने, बङ्कर र ग्रिनको नियमित हेरचाह गर्ने तथा क्लब हाउससहितका संरचना सञ्चालन गर्न पर्याप्त खर्च लाग्छ। खेलाडीका लागि पनि विभिन्न क्लब भएको सेट, विशेष जुत्ता, बल, पोशाक, ब्याग र अन्य सामग्री आवश्यक पर्छन्। धेरै निजी गल्फ क्लबमा सदस्य बन्न छुट्टै शुल्क तिर्नुपर्छ। यही आर्थिक संरचनाले लामो समयसम्म निम्न र मध्यम आय भएका मानिसलाई यस खेलबाट टाढा राख्यो।

अर्कोतर्फ गल्फको सामाजिक चरित्रले पनि ‘धनीको खेल’ भन्ने छवि बनायो। युरोपदेखि एशियासम्म कुनै समय उच्च सैनिक अधिकारी, शासक, उद्योगपति, व्यापारी र कूटनीतिक समुदायबीच गल्फ लोकप्रिय रह्यो। एउटा राउन्ड पूरा गर्न धेरै समय लाग्ने भएकाले खेलसँगै लामो कुराकानी गर्ने अवसर मिल्छ। त्यसैले कतिपय मुलुकमा गल्फ मैदान व्यापारिक सम्बन्ध विस्तार गर्ने र अनौपचारिक भेटघाट गर्ने थलोसमेत बन्यो। आज अवस्था धेरै बदलिएको छ। सार्वजनिक कोर्स, प्रशिक्षण केन्द्र र सुलभ अभ्यास सुविधा विस्तार भएका मुलुकमा मध्यम वर्ग र युवाको सहभागिता उल्लेख्य छ। विश्वस्तरमा महिला खेलाडीको उपस्थिति पनि बढिरहेको छ। त्यसैले गल्फको अभिजात्य विगत सत्य भए पनि त्यसैलाई यसको स्थायी परिचय मान्न मिल्दैन।

नेपालको गल्फ यात्रा पनि रोचक छ। यहाँ यो खेल सर्वसाधारणबाट शुरु भएर दरबार पुगेको होइन, तत्कालीन शासक तथा सम्भ्रान्त वर्गबाट शुरु भएर विस्तारै बाहिर आएको हो। नेपालमा बीसौं शताब्दीको प्रारम्भतिर राणा शासनकै समयमा गल्फ खेल्न थालिएको इतिहास पाइन्छ। सन् १९१७ आसपास काठमाडौंको गौचर क्षेत्रमा यसको अभ्यास शुरु भएको मानिन्छ। त्यसबेला आजको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपासको भूभाग निकै खुला थियो। त्यही क्षेत्रमा बनेको गल्फ मैदान कालान्तरमा गौचर गल्फ क्लबका रूपमा विकसित भयो। राजा महेन्द्रको संरक्षण प्राप्त गरेपछि सन् १९६५ मा यसले ‘रोयल नेपाल गल्फ क्लब’ नाम पायो। विमानस्थल विस्तारसँगै यसको क्षेत्र साँघुरिँदै गए पनि यो नेपाली गल्फ इतिहासको एउटा महत्वपूर्ण धरोहरका रूपमा अहिले पनि अस्तित्वमा छ।

नेपालमा शुरुआती समयमा गल्फ खेल्नेहरूमा राणा तथा शाह परिवारका सदस्य, उच्चपदस्थ व्यक्ति र विदेशी कूटनीतिक समुदायको बाहुल्य थियो। त्यसैले यहाँ पनि गल्फले लामो समय अभिजात्य खेलकै परिचय बोक्यो। समयसँगै नेपाली खेलाडीको प्रवेश बढ्यो र प्रतियोगितात्मक वातावरण तयार हुन थाल्यो। काठमाडौंमा गोकर्ण फरेस्ट गल्फ रिसोर्टको कोर्स विकास भएपछि नेपाली गल्फले आधुनिक पूर्वाधारको अर्को आधार पायो। पोखराको हिमालयन गल्फ कोर्स आफ्नो प्राकृतिक बनावटका कारण विशिष्ट



हरि शरण जमकटेल

मानिन्छ भने धरानमा समेत गल्फको पुरानो अभ्यास र संरचना छ। यसरी काठमाडौंमा केन्द्रित खेल क्रमशः अन्य क्षेत्रमा पनि पुगेको देखिन्छ।

नेपालका लागि गल्फको महत्व पदक वा प्रतियोगितामा मात्रै सीमित छैन। यसको एउटा महत्वपूर्ण सम्भावना पर्यटनसँग जोडिएको छ। संसारमा ठूलो संख्यामा यस्ता पर्यटक छन्, जो भ्रमण गर्ने गन्तव्य छनोट गर्दा गल्फ सुविधालाई समेत प्राथमिकता दिन्छन्। नेपालसँग हिमाल, पहाड, वनजंगल र फरक भूगोलको प्राकृतिक सम्पदा छ। यही प्राकृतिक वातावरणलाई बिगारेर कृत्रिम संरचना थप्नुको साटो वातावरणीय सन्तुलन कायम गर्दै विशिष्ट गल्फ गन्तव्य विकास गर्न सके पर्यटनमा नयाँ क्षेत्र खुल्न सक्छ। बिहान हिमशृंखला हेर्दै गल्फ खेल्ने र त्यसपछि नेपाली संस्कृति तथा प्राकृतिक गन्तव्य अनुभव गर्ने प्याकेज अन्तर्राष्ट्रिय पर्यटकका लागि फरक आकर्षण बन्न सक्छ। यसका लागि वातावरणीय प्रभाव, पानीको उपयोग र जमिनको व्यवस्थापनलाई गम्भीरतापूर्वक हेर्नु आवश्यक हुन्छ। ठूलो भूभाग र पानी चाहिने भएकाले जहाँसुकै गल्फ कोर्स बनाउनु उपयुक्त समाधान होइन।

नेपालमा गल्फको अर्को चुनौती यसलाई सीमित वर्गको घेराबाट बाहिर ल्याउनु हो। राम्रो खेलाडी बन्न शुरुबाटै महँगो सदस्यता लिनुपर्ने अवस्था रहेसम्म प्रतिभा खोज्न कठिन हुन्छ। विद्यालय र युवालाई आधारभूत प्रशिक्षण, साझा उपकरण, साना अभ्यासस्थल तथा प्रतिभा पहिचान कार्यक्रम उपलब्ध गराउन सकिए आर्थिक अवस्थाभन्दा क्षमताका आधारमा खेलाडी अगाडि आउन सक्छन्। हरेक खेल शुरुमा लोकप्रिय हुँदैन। अवसर, पूर्वाधार र सफल खेलाडी जन्मिँदै जाँदा समाजको आकर्षण पनि बढ्छ। कुनै बेला नेपालमा केही खेल सीमित क्षेत्रमा मात्र लोकप्रिय थिए, तर उपलब्धि र सञ्चारको विस्तारले तिनलाई घरघरमा पुऱ्याएको उदाहरण हाम्रै अगाडि छ।

वास्तवमा गल्फको आकर्षण यसको शान्त देखिने मैदानभित्र लुकेको कठिन प्रतिस्पर्धामा छ। खेलाडीले बल हिर्काउनुअघि हावाको दिशा हेर्छ, दूरी अनुमान गर्छ, भूगोल बुझ्छ, उपयुक्त क्लब रोज्छ र आफ्नो शरीर तथा मनलाई नियन्त्रणमा राखेर प्रहार गर्छ। एउटा क्षणको हतारले पूरै होल बिगार्न सक्छ भने कठिन अवस्थामा गरिएको एउटा सही निर्णयले नतिजा बदल्न सक्छ। त्यसैले गल्फ शरीरको शक्तिभन्दा बुद्धि, अभ्यास र संयमको खेल पनि हो। स्कटल्यान्डका खुला मैदानबाट शुरु भएको आधुनिक गल्फ संसारका प्रतिष्ठित प्रतियोगितासम्म पुगेको छ भने नेपालमा दरबार र सम्भ्रान्त वृत्तबाट शुरु भएको यसको यात्रा बिस्तारै व्यावसायिक खेल र पर्यटनतर्फ मोडिएको छ।

अब नेपालले यसलाई केवल ‘धनाढ्यहरूको खेल’ भनेर टाढाबाट हेर्ने कि सीमित स्रोतभित्रै नयाँ प्रतिभा, खेल संस्कृति र पर्यटनको सम्भावनासँग जोड्ने भन्ने कुराले नेपाली गल्फको आगामी यात्रा धेरै हदसम्म यही छनोटमा निर्भर रहनेछ।

*(अधिवक्ता जमकटेल खेलसँग सम्वन्धित लेखहरुमा कलम चलाउन रुचाउनु हुन्छ)*

# नेपालमै बसेर विदेशी विश्वविद्यालयको पढाइ

उमेश खड्का

कुनै समय विदेशी विश्वविद्यालयबाट डिग्री लिन विदेश नै पुग्नुपर्छ भन्ने बुझाइ थियो। विश्वविद्यालयको कक्षामा उपस्थित हुनु, विद्यार्थी भिसा लिनु र वर्षौंसम्म विदेशमै बसेर अध्ययन गर्नु यसको अनिवार्य पक्षजस्तै मानिन्थ्यो तर सूचना प्रविधिले उच्च शिक्षाको स्वरूप नै बदलिदिएको छ। अहिले नेपालमै आफ्नो घर वा कार्यालयमा बसेर बेलायत, अमेरिका लगायतका देशका विश्वविद्यालयमा भर्ना भई स्नातक, स्नातकोत्तर, डिप्लोमा, सर्टिफिकेटदेखि छोटो अवधिका व्यावसायिक कोर्ससम्म अध्ययन गर्न सकिने अवसर विस्तार भएको छ।

यसको एउटा उदाहरण बेलायतको University of London हो। विश्वविद्यालयले विश्वको जुनसुकै स्थानबाट अध्ययन गर्न सकिने अनलाइन डिग्री सञ्चालन गरिरहेको छ। नेपालका विद्यार्थीले पनि कतिपय कार्यक्रम स्वतन्त्र रूपमा अनलाइन पढ्न सक्छन्। अध्ययन सामग्री, विद्यार्थी पोर्टल, अनलाइन पुस्तकालय र Virtual Learning Environment मार्फत पढाइ सञ्चालन हुन्छ। नेपालमै विश्वविद्यालयबाट मान्यता प्राप्त Teaching Centre मार्फत अध्ययन सहयोग लिन सकिने व्यवस्था पनि छ।

University of London यस विश्वविद्यालयमा विषयको छनोट पनि फराकिलो छ। उदाहरणका लागि कानूनतर्फ LLB /LLM, कम्प्युटर साइन्स, व्यवस्थापन, लेखा, अर्थशास्त्र, वित्त तथा अन्य विभिन्न विषय अनलाइन वा दूरी शिक्षाबाट अध्ययन गर्न सकिन्छ। सन् २०२६/२७ का लागि समेत विश्वविद्यालयले अनलाइन अध्ययनका विभिन्न कार्यक्रमको आवेदन खुला राखेको देखिन्छ।

अमेरिकाको Arizona State University Online पनि नेपालबाट अध्ययन गर्न सकिने अर्को विकल्प हो। ASU ले विदेशमै बसेका विद्यार्थीलाई ‘international online student’ का रूपमा आवेदन दिन सक्ने व्यवस्था गरेको छ। हाल यसले स्नातक, स्नातकोत्तर र प्रमाणपत्रसमेत गरी ४०० भन्दा बढी अनलाइन कार्यक्रम उपलब्ध गराएको जनाएको छ। व्यवसाय, इन्जिनियरिङ, व्यवस्थापन, जैविक विज्ञान, मनोविज्ञान, सूचना प्रविधिलगायत धेरै क्षेत्रमा कार्यक्रम उपलब्ध छन्। ASU Online यस्तो पढाइको सबैभन्दा ठूलो विशेषता विदेश जानु नपर्नु हो। उदाहरणका लागि ASU मा विदेशबाट अनलाइन अध्ययन गर्ने विद्यार्थीलाई अध्ययनकै प्रयोजनका लागि अमेरिकी F–1 विद्यार्थी भिसा वा I-२० जारी हुँदैन, किनकि विद्यार्थी अमेरिकामा प्रवेश नगरी आफ्नै देशबाट अध्ययन गर्छ। त्यसैले भिसा, हवाई टिकट, विदेशको महँगो आवास र दैनिक जीवनयापन खर्च नबेहोरी अन्तर्राष्ट्रिय विश्वविद्यालयको अध्ययनमा जोडिन सकिन्छ।

*नेपालबाट कसरी भर्ना हुने ?*

प्रक्रिया सामान्यतः कठिन छैन। सबैभन्दा पहिले विद्यार्थीले आफूलाई चाहिएको विषय र तह निश्चित गर्नुपर्छ। त्यसपछि विश्वविद्यालयको आधिकारिक वेबसाइटमा गएर उक्त कार्यक्रम पूर्ण रूपमा अनलाइन गर्न सकिने हो कि होइन हेर्नुपर्छ। त्यसपछि शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट, पासपोर्ट वा परिचयसम्बन्धी कागजात र विश्वविद्यालयले मागेका अन्य विवरण तयार गरी अनलाइन आवेदन दिन सकिन्छ। स्नातकोत्तरका लागि सामान्यतः सम्बन्धित वा स्वीकार्य स्नातक योग्यता आवश्यक हुन्छ भने स्नातक तहमा माध्यमिक तहको योग्यता हेरिन्छ।

अंग्रेजी भाषाको योग्यता अर्को महत्वपूर्ण पक्ष हो। विश्वविद्यालय र कार्यक्रमअनुसार IELTS, TOEFL, Duolingo English Test वा अन्य स्वीकार्य माध्यमबाट अंग्रेजी दक्षता प्रमाणित गर्नुपर्ने हुन सक्छ। कतिपय अवस्थामा यसबाट छुट पाउने व्यवस्था पनि हुन सक्छ। उदाहरणका लागि ASU ले अन्तर्राष्ट्रिय विद्यार्थीका लागि शैक्षिक योग्यतासँगै अंग्रेजी दक्षताको प्रमाण माग्ने व्यवस्था गरेको छ। भर्ना भएपछि विद्यार्थीलाई विश्वविद्यालयको अनलाइन पोर्टलमा पहुँच दिइन्छ। त्यहाँ भिडियो लेक्चर, पाठ्यसामग्री, पुस्तक, छलफल कक्षा, असाइनमेन्ट र परीक्षासम्बन्धी व्यवस्था हुन्छ। कतिपय पढाइ निश्चित समयमा प्रत्यक्ष अनलाइन कक्षामार्फत हुन्छन् भने कतिपय आफ्नै अनुकूल समयमा अध्ययन गर्न मिल्ने किसिमका हुन्छन्। यसैले जागिर, व्यवसाय वा अन्य पेशामा संलग्न नेपालीका लागि पनि यस्तो शिक्षा उपयोगी हुन सक्छ।

पूर्ण डिग्री नै लिनुपर्छ भन्ने पनि छैन। विदेशका विश्वविद्यालय तथा शैक्षिक संस्थाबाट केही हप्ता वा महिनाका छोटा कोर्स, Professional Certificate, Microcredential वा एउटा-दुईवटा विषय मात्र पढ्न सकिने विकल्प पनि छन्। University या London ले व्यक्तिगत मोड्युल, छोटा कोर्स र स्नातकोत्तर तहका microcredential समेत उपलब्ध गराएको छ। University of London यस्ता छोटा कोर्स नयाँ सीप सिक्न वा आफ्नो पेशागत ज्ञान अद्यावधिक गर्न चाहने वकील, पत्रकार, शिक्षक, व्यवस्थापक, आईटीकर्मी, स्वास्थ्यकर्मी तथा व्यवसायीका लागि उपयोगी हुन सक्छन्।

विदेशी विश्वविद्यालयको नाम देख्नेबित्तिकै पैसा तिरेर भर्ना हुनुचाहिँ उचित हुँदैन। सबैभन्दा पहिले विश्वविद्यालय स्वयं आधिकारिक र मान्यताप्राप्त हो कि होइन जाँच गर्नुपर्छ। त्यसपछि आफूले पढ्न लागेको ठ्याक्कै त्यही अनलाइन कार्यक्रम नेपालको सरकारी सेवा, विश्वविद्यालयको थप अध्ययन वा कुनै नियमनकारी पेशामा प्रयोग गर्दा मान्यता प्राप्त हुन्छ कि हुँदैन बुझ्नु आवश्यक छ। ASU स्वयंले पनि विदेशबाट पढ्ने विद्यार्थीलाई आफ्नो देशमा अनलाइन डिग्रीको मान्यता र पेशागत लाइसेन्सको अवस्था सम्बन्धित निकायसँग पहिल्यै पुष्टि गर्न सुझाव दिएको छ। ASU Online विशेषगरी कानून, इन्जिनियरिङ, स्वास्थ्य, नर्सिङजस्ता पेशागत इजाजत आवश्यक पर्ने क्षेत्रमा यो पक्ष झन् महत्वपूर्ण हुन्छ।

खर्च पनि विश्वविद्यालय र कार्यक्रमअनुसार निकै फरक हुन्छ। कतिपय छोटा अनलाइन कोर्स निःशुल्क अध्ययन गर्न सकिन्छ तर प्रमाणपत्रका लागि शुल्क लाग्न सक्छ। पूर्ण Bachelor वा Master डिग्री भने महँगो हुन सक्छ। त्यसैले पाठ्यक्रम हेर्दा tuition fee मात्र नभई आवेदन शुल्क, परीक्षा शुल्क, प्रविधि शुल्क तथा अन्य अतिरिक्त शुल्कसमेत जोडेर कुल लागत बुझ्नुपर्छ।

यसरी हेर्दा विदेशको शिक्षा लिनु भनेको अब अनिवार्य रूपमा देश छाड्नु मात्र रहेन। भरपर्दो इन्टरनेट, कम्प्युटर, अंग्रेजी भाषामा अध्ययन गर्न सक्ने क्षमता र नियमित समय व्यवस्थापन गर्न सके काठमाडौं, विराटनगर, नेपालगन्ज, पोखरा वा नेपालको कुनै गाउँबाट समेत विदेशी विश्वविद्यालयको विद्यार्थी बन्न सम्भव हुँदै गएको छ। यसले विशेषतः पेशा वा व्यवसाय छाडेर विदेश जान नसक्ने व्यक्तिका लागि उच्च शिक्षाको नयाँ ढोका खोलेको छ।

त्यो ढोका प्रवेश गर्नुअघि तीन कुरा भने अनिवार्य जाँच्नुपर्छ– विश्वविद्यालयको आधिकारिक मान्यता, आफूले रोजेको कार्यक्रम पूर्ण रूपमा नेपालबाटै पूरा गर्न सकिने अवस्था र उक्त डिग्री नेपालमा आफूले प्रयोग गर्न चाहेको प्रयोजनका लागि स्वीकार्य हुने/नहुने अवस्था। यी कुरा निश्चित गरेर अघि बढेमा अनलाइन अन्तर्राष्ट्रिय शिक्षा नेपाली विद्यार्थीका लागि विदेश नगई विश्वस्तरीय अध्ययनसँग जोडिने प्रभावकारी माध्यम बन्न सक्छ।

KEEN
SMART LIVING
SPECIAL PROMO
You automatically lose the chances
you don't take.
keen product
20% Off



Buy Now
keentelevision.com
दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# गुर्जो : लहरामा लुकेको औषधीय सम्पदा

पिएमणि भट्टराई

घरको छेउमा कुनै रूखलाई अँगाल्दै माथि चढेको हरियो लहरा देख्दा सामान्य झारजस्तै लाग्न सक्छ। त्यही लहरा गुर्जो हो भने नेपाली समाजले पुस्तौँदेखि त्यसलाई सामान्य वनस्पतिभन्दा फरक दृष्टिले हेर्दै आएको छ। गाउँघरमा ज्वरो आउँदा, शरीर गल्दा वा बिरामीपछिको कमजोरी हटाउन घरेलु रूपमा गुर्जोको झोल खाने पुरानो अभ्यास पाइन्छ। आयुर्वेदमा 'गुडुची' र 'अमृता' नामले समेत चिनिने गुर्जोलाई हिन्दी भाषी क्षेत्रमा 'गिलोय' भनिन्छ। कुनै समय वनपाखा र गाउँघरमा सीमित यसको चर्चा पछिल्ला वर्षमा शहरसम्म फैलिएको छ। यसको औषधीय सम्भावनाबारे वैज्ञानिक अध्ययन पनि भइरहेका छन् यद्यपि परम्पराले उपयोगी मानेको जडीबुटी भन्दैमा यसलाई हरेक रोगको अचुक औषधि ठान्नु भने उचित हुँदैन।

गुर्जोको आफ्नै स्वरूप छ। यो रूखजस्तो ठाडो भएर बढ्दैन, वरिपरि भेटिएको रूख, बाँस, बार वा अन्य कुनै सहारालाई समात्दै माथितिर फैलन्छ। केही पुरानो भएपछि यसको डाँठ मोटो र खस्रो हुँदै जान्छ। बाहिरी भाग खरानी मिसिएको हरियो वा खैरो देखिन्छ भने ठाउँ-ठाउँमा गाँठाजस्तो बनोट देख्न सकिन्छ। कहिलेकाहीँ लहराबाटै मसिना जरा हावामा झुन्डिएको भेटिन्छ। यसका पात फराकिला र धेरै हदसम्म मुटुको आकृतिसँग मिल्ने हुन्छन्। फूल साना हुने भएकाले टाढाबाट खासै देखिँदैनन्, फल भने पाकेपछि रातो देखिन्छ। न्यानो र केही ओसिलो वातावरणमा यसको वृद्धि राम्रो हुन्छ। नेपालको तराईदेखि मध्यपहाडी क्षेत्रका उपयुक्त भूभागसम्म गुर्जो भेटिन्छ। जंगलको किनार, झाडी, खोल्सानजिकको क्षेत्र र घरआँगनमा समेत यसलाई हुर्काउन सकिन्छ। यसको डाँठ काटेर रोपी सहारा दिने हो भने घरेलु स्तरमै पनि विस्तार गर्न सकिन्छ।

गुर्जोको सबैभन्दा बढी प्रयोग हुने भाग डाँठ हो। परम्परागत रूपमा ताजा डाँठका साना टुक्रा पानीमा उमालेर त्यसको झोल प्रयोग गर्ने चलन छ। डाँठ सुकाएर धुलो बनाई राख्ने र आवश्यकताअनुसार सेवन गर्ने अभ्यास पनि पाइन्छ। आयुर्वेदिक औषधि निर्माणमा यसका विभिन्न प्रशोधित स्वरूप प्रयोग हुन्छन्। आज बजारमा गुर्जोको चूर्ण, रस, ट्याब्लेट तथा अन्य उत्पादनसमेत पाइन्छन्। यसको डाँठमा विभिन्न जैविक सक्रिय तत्व रहने भएकाले गुर्जोमाथि आधुनिक औषधि विज्ञानको चासो पनि बढेको हो। यसमा पाइने विभिन्न अल्कालोइड, ग्लाइकोसाइडलगायतका रासायनिक तत्वका सम्भावित प्रभावबारे अनुसन्धान हुँदै आएको छ।

नेपाली घरेलु उपचार परम्परामा गुर्जोलाई विशेषगरी ज्वरो र शारीरिक कमजोरीसँग जोडेर हेरिएको पाइन्छ। लामो समय बिरामी भएर शरीर शिथिल भएको अवस्थामा तागत फर्काउन यसको प्रयोग गर्ने चलन कतिपय ठाउँमा अझै छ। आयुर्वेदिक अभ्यासमा पाचनसँग सम्बन्धित केही समस्या, शरीरमा हुने सूजन तथा जोर्नीका असहजतामा समेत विभिन्न औषधीय संयोजनभित्र गुर्जो प्रयोग हुँदै आएको छ। यसको एन्टिअक्सिडेन्ट र सूजन नियन्त्रणसँग सम्बन्धित सम्भावित गुणबारे वैज्ञानिक अनुसन्धानले पनि चासो देखाएको छ। शरीरको प्रतिरक्षा प्रणालीको प्रतिक्रियालाई प्रभाव पार्न सक्ने सम्भावनाका कारण 'इम्युनोमोडुलेटरी' गुणका विषयमा समेत गुर्जो अध्ययनको विषय बनेको छ। प्रयोगशालामा देखिएको सम्भावना र मानिसको कुनै रोग निको पार्ने प्रमाणित उपचार एउटै कुरा होइन। यही भिन्नता बुझेर यसको उपयोग गर्न आवश्यक छ।

कोरोना महामारीको समयमा गुर्जोको चर्चा असाधारण रूपमा बढेको थियो। रोगप्रतिरोधात्मक क्षमता बढाउने विश्वासमा धेरैले यसको सेवन गर्न थाले। घरआँगनमा रोप्ने, डाँठ बाँड्ने र बिहान-बेलुका उमालेर खाने अभ्याससमेत व्यापक भयो। यही समयले गुर्जोलाई गाउँको परम्परागत जडीबुटीबाट सहरका घरघरमा परिचित वनस्पति बनाइदियो। यससँगै एउटा समस्या पनि देखियो कि कुनै बस्तु प्राकृतिक छ भने त्यसले हानी गर्दैन भन्ने धारणा। प्राकृतिक हुनु र सबै अवस्थामा सुरक्षित हुनु एउटै कुरा होइन। जडीबुटीमा औषधीय प्रभाव पार्ने तत्व हुन्छन् भने तिनको अनावश्यक वा अत्यधिक सेवनबाट प्रतिकूल प्रभाव पनि पर्न सक्छ।

गुर्जोको सवालमा पनि मात्रा र प्रयोगको अवधि महत्वपूर्ण हुन्छ। पछिल्ला वर्षमा गिलोय वा Tinospora समूहका वनस्पतिको अत्यधिक अथवा अनियन्त्रित सेवनपछि केही व्यक्तिमा कलेजोसँग सम्बन्धित समस्या देखिएका चिकित्सकीय विवरण प्रकाशित भएका छन्। अर्को चुनौती सही वनस्पति पहिचानको हो। बाहिरबाट हेर्दा उस्तै देखिने लहरालाई गुर्जो ठानेर प्रयोग गर्दा समस्या हुन सक्छ। त्यसैले जंगलबाट जुनसुकै लहरा टिपेर औषधि बनाउनेभन्दा वनस्पतिको सही पहिचान हुनु पहिलो आवश्यकता हो। त्यसैगरी नियमित औषधि खाइरहेका, कलेजोलगायत दीर्घ स्वास्थ्य समस्या भएका, गर्भवती वा स्तनपान गराइरहेका व्यक्तिले आफूखुशी लामो समय सेवन गर्नुको सट्टा चिकित्सक वा जडीबुटीसम्बन्धी दक्ष स्वास्थ्यकर्मीको सल्लाह लिनु उपयुक्त हुन्छ।

गुर्जोको महत्व स्वास्थ्यमा मात्र सीमित छैन। नेपाल जडीबुटीको विविधतामा सम्पन्न मुलुक भएकाले यस्ता वनस्पतिको वैज्ञानिक खेती, प्रशोधन र बजारीकरणबाट स्थानीय आयआर्जनको सम्भावना पनि खोज्न सकिन्छ। जंगली रूपमा उम्रिएका बिरुवा अनियन्त्रित ढंगले संकलन गर्नेभन्दा खेती प्रविधि विकास गरी गुणस्तरीय उत्पादन गर्न सके यसको संरक्षणसँगै आर्थिक उपयोग पनि हुन सक्छ। नेपाली जडीबुटीलाई कच्चा पदार्थका रूपमा मात्र बेच्ने होइन, वैज्ञानिक परीक्षण, गुणस्तर निर्धारण र प्रशोधन गरेर मूल्य अभिवृद्धि गर्न सके त्यसको लाभ किसानदेखि मुलुकको अर्थतन्त्रसम्म पुग्न सक्छ।

हाम्रा पुर्खाले प्रकृतिलाई केवल जंगलका रूपमा हेरेनन्; त्यसैभित्र भोजन, औषधि र जीवनोपयोगी ज्ञान खोजे। गुर्जो त्यही अनुभवबाट पुस्तौँ हुँदै हामीसम्म आइपुगेको एउटा वनस्पति हो। आधुनिक विज्ञानले परम्पराका हरेक विश्वासलाई जस्ताको तस्तै स्वीकार गर्न आवश्यक छैन, तर उपयोगी ज्ञानलाई परीक्षण र अनुसन्धानबाट प्रमाणित गर्दै अघि बढाउन सक्छ। त्यसैले गुर्जोलाई न त चमत्कारी औषधि मानेर अन्धाधुन्ध प्रयोग गर्नु उचित हुन्छ, न परम्परागत ज्ञान भन्दै उपेक्षा गर्नु नै। सही पहिचान, सन्तुलित प्रयोग, वैज्ञानिक अनुसन्धान र व्यवस्थित खेतीसँग जोड्न सकियो भने घरको बारमा बेरिएर हुर्कने सामान्य देखिने गुर्जो नेपालको बहुमूल्य जडीबुटी सम्पदाको महत्वपूर्ण हिस्सा बन्न सक्छ।





# The Baobab Tree of Africa

P. Pilgrim

Across the vast plains and dry landscapes of central and southern Africa stands one of the most remarkable trees in the world: the baobab tree, it belongs to the genus Adansonia. With its enormous trunk, thick branches and extraordinary ability to survive in harsh conditions, it has become known as the "Tree of Life." Unlike many trees, which have relatively narrow trunks, the baobab can store large quantities of water in its fibrous tissues. This helps it survive long periods of drought in regions where rainfall is unreliable. Some species can live for thousands of years, although the ages of individual trees can be difficult to establish accurately. Its distinctive appearance has earned it the nickname of the "upside-down tree," because its bare branches can resemble roots reaching into the sky. Interestingly, almost every part of the tree can be useful. Its fruit contains vitamin C and other nutrients. The leaves can be eaten as a vegetable, and the seeds can be used for food or oil. In some communities, the bark provides fibres for making rope and other materials. The tree also offers shade and shelter to people and animals. Therefore, for generations, African communities have depended upon this tree for food, water, shelter and medicine. Its ability to endure drought and provide so much for people has made it a powerful symbol of life and survival. These remarkable qualities explain why the baobab is called the Tree of Life. It provides nourishment, resources and protection in an environment where these things may be difficult to find. Its long life and ability to survive challenging conditions have made it a symbol of endurance and generosity.



Yet, as wonderful as this tree is, it cannot give eternal life. It does however remind us of the goodness of God's creation, and directs us towards the Creator Himself. While the baobab tree sustains physical life on earth, the 'Tree of Life' in Scripture points us towards God's provision of life, His eternal purposes and the everlasting blessings He promises to His people.

The first mention of the Tree of Life in the Bible is found in Genesis. When God created Adam and Eve, He placed them in the Garden of Eden, where they enjoyed fellowship with Him. Genesis 2:9 tells us: "And out of the ground made the LORD God to grow every tree that is pleasant to the sight, and good for food; the tree of life also in the midst of the garden, and the tree of knowledge of good and evil." The Tree of Life was part of God's provision in the garden. However, Adam and Eve disobeyed God's command and brought sin into the world. Consequently, they were driven out of Eden, and access to the Tree of Life was guarded (Genesis 3:22–24).

This account reminds us that sin separates mankind from God. The physical provisions of this world, however wonderful, cannot remove our sin or restore our broken relationship with our Creator. We need something greater than earthly nourishment: we need spiritual life. The Bible teaches that eternal life is God's gift through His Son, Jesus Christ. John 3:16 declares: "For God so loved the world, that he gave his only begotten Son, that whosoever believeth in him should not perish, but have everlasting life." The baobab tree can sustain the body, but Jesus Christ gives everlasting life to those who believe in Him. He died upon the cross for our sins and rose again, making the way for sinners to be reconciled to God. Jesus said in John 11:25 "I am the resurrection, and the life: he that believeth in me, though he were dead, yet shall he live:" This is the greatest hope offered to mankind. The baobab tree may nourish the body for a time, but only Christ can give eternal life.

Let us therefore appreciate the wonders of God's creation while remembering that the greatest gift is not simply a long earthly life, but everlasting life through the Lord Jesus Christ.

*pilgrimway101@yahoo.com*

बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा २०८३ **सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना। यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

पाण्डव श्रेष्ठ (अध्यक्ष)

**अग्लेश्वरी निर्माण सेवा प्रा.लि.परिवार**

काठमाडौं-११, बबरमहल

बडा दशैं २०८३ को शुभकामना

महान् चाड बडा दशैंको उपलक्ष्यमा सबै नेपालीजन, नेपालबासी तथा विश्वभरी रहनुभएका नेपालीमूलका दाजुभाइ, दिदीबहिनीहरुमा २०८३ **सालको बडा दशैं**को हार्दिक मंगलमय शुभकामना। यस महान् चाडले सबैमा एकता, सामाजिक सद्भाव कायम गर्न श्रीनवदुर्गा भवानीको आशीर्वाद प्राप्त होस् भन्ने कामना पनि गर्दछौं।

**दूरदृष्टि डिजिटल प्रा.लि.परिवार**

**काठमाडौं-१३**

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

## हुलाकको ...

बढायो। युरोपमा मध्ययुग तथा त्यसपछिका शताब्दीमा व्यापारी, धार्मिक संस्था, विश्वविद्यालय र राज्यहरूले आआफ्ना सञ्चार सञ्जाल विस्तार गरे। मुद्रण प्रविधिको विकास, कागजको सहज उपलब्धता र साक्षरताको विस्तारले लिखित सञ्चारलाई थप प्रचलित बनायो। सत्रौँ र अठारौँ शताब्दीसम्म आइपुग्दा विभिन्न देशमा सार्वजनिक प्रयोगका लागि हुलाक सेवा क्रमशः व्यवस्थित हुँदै गयो। त्यसपछि पत्र पठाउने शुल्क, दूरीअनुसारको दर र वितरण प्रक्रियालाई एकरूप बनाउने प्रयासले आधुनिक हुलाक प्रणालीलाई थप विश्वसनीय बनायो।

आधुनिक हुलाक इतिहासमा सन् १८४० मा बेलायतमा प्रचलनमा आएको 'पेनी ब्ल्याक' विशेष महत्वको टिकट हो। यो संसारकै पहिलो व्यापक रूपमा प्रयोगमा आएको टाँसिने हुलाक टिकट मानिन्छ। यसले पत्र पठाउँदा लाग्ने शुल्क अग्रिम तिरेको प्रमाण दिने काम गऱ्यो। यसअघि धेरै ठाउँमा पत्र पाउने व्यक्तिले शुल्क तिर्नुपर्ने वा दूरी र पृष्ठअनुसार फरक शुल्क लाग्ने व्यवस्था थियो। टिकटको प्रयोगले शुल्क सङ्कलनलाई सरल बनाउनुका साथै पत्राचारलाई व्यवस्थित गर्न सहयोग पुऱ्यायो। पछि अन्य देशले पनि हुलाक टिकट जारी गर्न थाले। टिकटमा देशको पहिचान, राष्ट्रिय व्यक्तित्व, प्राकृतिक सम्पदा, ऐतिहासिक घटना र सांस्कृतिक विशेषता समेटिन थालेपछि ती सञ्चारको साधनसँगै इतिहास र राष्ट्रिय परिचयका अभिलेखसमेत बने।

अन्तर्राष्ट्रिय हुलाकलाई व्यवस्थित बनाउने अर्को ठूलो उपलब्धि सन् १८७४ मा स्विट्जरल्यान्डको बर्नमा प्राप्त भयो। अक्टोबर ९ मा २२ देशले बर्न सन्धिमा हस्ताक्षर गरी जनरल पोस्टल युनियन स्थापना गरे, जसको नाम सन् १८७८ मा युनिभर्सल पोस्टल युनियन (युपीयू) राखियो। यसले विभिन्न देशका हुलाकबीच पत्र आदानप्रदानका नियमलाई व्यवस्थित गर्न र अन्तर्राष्ट्रिय पत्राचारलाई सहज बनाउन सहयोग गऱ्यो। सन् १९६९ मा जापानको टोकियोमा सम्पन्न युपीयूको सम्मेलनले अक्टोबर ९ लाई विश्व हुलाक दिवसका रूपमा मनाउने निर्णय गरेपछि सन् १९७० देखि यो दिवस विश्वव्यापी रूपमा मनाउन थालियो।

नेपालमा हुलाकको विकास पनि राज्य सञ्चालन र सामाजिक सम्बन्धको आवश्यकतासँग जोडिएको छ। औपचारिक सरकारी हुलाक सेवाको इतिहासमा वि.सं.१९३५ अर्थात् सन् १८७८ महत्वपूर्ण वर्ष हो। त्यतिबेला राणा प्रधानमन्त्री रणोद्दीप सिंहको शासनकालमा काठमाडौंमा नेपाल हुलाक घर स्थापना गरी सर्वसाधारणका चिठीपत्र ओसारपसार गर्ने औपचारिक व्यवस्था शुरु गरिएको थियो। त्यसैले नेपालको हुलाक सेवा वि.सं.१९७५ मा शुरु भएको भन्ने प्रचलित उल्लेखलाई सच्याउन आवश्यक छ। उपलब्ध सरकारी विवरणले यसको औपचारिक शुरुआत वि.सं.१९३५ मा भएको देखाउँछ। स्थापना भएको तीन वर्षभित्रै हुलाक कार्यालयको संख्या ४३ पुगेको विवरणले त्यस समयमै यसको आवश्यकता र विस्तारको महत्व स्पष्ट पार्छ।

शुरुका वर्षमा हुलाकबाट पत्र पठाउँदा नगदमा शुल्क बुझाउनुपर्थ्यो। पछि वि.सं.१९३८ मा एक, दुई र तीन आना मूल्यका हुलाक टिकट प्रचलनमा ल्याइएपछि शुल्क तिर्ने प्रक्रिया थप व्यवस्थित भयो। वि.सं.१९४४ देखि दुई पैसाका हुलाक कार्ड प्रयोगमा आएको सरकारी विवरण छ। यसरी टिकट र हुलाक कार्डको शुरुआतले नेपालको पत्राचार प्रणालीलाई नयाँ चरणमा प्रवेश गरायो। हुलाक टिकट टाँस्नु केवल शुल्क बुझाउने कार्य थिएन; त्यो पत्र प्रेषकबाट गन्तव्यसम्म पुग्ने यात्राको औपचारिक शुरुआत पनि थियो।

त्यस समयको नेपाली समाजमा हुलाकको महत्व अहिलेको पुस्ताले सहजै कल्पना गर्न सक्दैन। यातायातका साधन सीमित थिए, टेलिफोन सर्वसुलभ थिएन र टाढाको गाउँमा खबर पुऱ्याउने भरपर्दो माध्यम पनि कमै थिए। घरबाट टाढा व्यापार, जागिर वा अध्ययनमा रहेका व्यक्तिले परिवारलाई आफ्नो अवस्थाबारे जानकारी दिन पत्र लेख्थे। विवाह, जन्म, मृत्यु, बिरामी, पारिवारिक समस्या र आर्थिक सहयोगका कुरा पत्रमार्फत नै आदानप्रदान हुन्थे। सरकारी कार्यालयका आदेश, सूचना, नियुक्तिपत्र र प्रशासनिक कागजातसमेत हुलाकबाट ओसारिन्थे। त्यसैले हुलाक कार्यालय केवल सरकारी निकाय थिएन; त्यो मानिसको व्यक्तिगत जीवन र राज्यको प्रशासनलाई जोड्ने साझा सम्पर्कस्थल थियो।

पत्र लेख्ने र पाउने प्रक्रियासँग खामको पनि आफ्नै महत्व जोडिएको थियो। कागजमा लेखिएको सन्देशलाई खामभित्र राखेर ठेगाना लेखिन्थ्यो र आवश्यक टिकट टाँसेर हुलाकमा बुझाइन्थ्यो। प्रेषकको नाम र ठेगाना, प्राप्तकर्ताको परिचय तथा टिकटमा लगाइने छापले पत्रको यात्रा व्यवस्थित गर्न सहयोग गर्थे। हातले लेखिएका अक्षर, खाममा लेखिएको ठेगाना र हुलाकको छापले पत्रलाई एउटा भौतिक बस्तुभन्दा बढी आत्मीयताको प्रतीक बनाउथे। कतिपयले वर्षौंसम्म पुराना पत्र सुरक्षित राख्थे; आज पनि यस्ता पत्रले पारिवारिक इतिहास, सामाजिक सम्बन्ध र तत्कालीन जीवनशैली बुझ्न मद्दत गर्छन्।

नेपालमा प्रजातन्त्रको स्थापना भएपछि हुलाक सेवाको विस्तारले थप गति लियो। सरकारी विवरणअनुसार सन् १९५१ तिर देशमा १२४ वटा हुलाक कार्यालय सञ्चालनमा थिए। त्यसपछिका दशकमा जिल्ला, गाउँ र दुर्गम बस्तीहरूमा हुलाक कार्यालय तथा सेवा केन्द्र विस्तार गरिए। यसले भौगोलिक रूपमा विकट देशका नागरिकलाई राज्यसँग जोड्न सहयोग पुऱ्यायो। सडक नपुगेका ठाउँमा समेत हुलाक कर्मचारी र स्थानीय सञ्जालमार्फत चिठीपत्र पुऱ्याउने अभ्यासले सेवा विस्तारको महत्व देखाएको थियो। हुलाकको पहुँचलाई प्रशासनिक उपस्थिति र नागरिकबीचको सम्बन्धसँग जोडेर हेर्न सकिन्छ।

नेपालमा हुलाकको इतिहास चर्चा गर्दा हुलाकी मार्गको प्रसङ्ग पनि उत्तिकै महत्वपूर्ण छ। हुलाक सेवा र हुलाकी राजमार्ग एउटै कुरा होइनन्। हुलाकी मार्गको ऐतिहासिक अवधारणा तराईका बस्तीहरूलाई जोड्ने पुराना बाटो र सन्देशवाहकको आवागमनसँग सम्बन्धित छ। पछि यही नाममा पूर्वदेखि पश्चिमसम्म तराईका बस्ती र जिल्लालाई जोड्ने सडक आयोजना अघि बढाइयो। यस मार्गको उद्देश्य हुलाक ओसारपसारमा मात्र सीमित छैन; यसले बस्तीहरूबीचको यातायात, कृषि उपजको बजारसम्म पहुँच, व्यापार र स्थानीय आर्थिक गतिविधिलाई पनि सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यस अर्थमा हुलाकी मार्ग नेपालको पुरानो सञ्चार इतिहाससँग जोडिएको नाम भए पनि यसको आधुनिक भूमिका यातायात र क्षेत्रीय विकाससँग बढी सम्बन्धित छ।

*हुलाक किन पछि पऱ्यो ?*

हुलाक सेवाको उपयोगिता घट्नुको प्रमुख कारण सञ्चार प्रविधिमा आएको तीव्र परिवर्तन हो। पहिले एउटा पत्र गन्तव्यमा पुग्न दिनौँ वा हप्तौँ लाग्थ्यो। अहिले मोबाइल फोन, इमेल र विभिन्न सन्देश आदानप्रदान गर्ने माध्यमबाट केही क्षणमै सूचना पठाउन सकिन्छ। भिडियो कलले टाढा रहेका परिवारलाई प्रत्यक्ष कुराकानी गर्ने सुविधा दिएको छ। सरकारी सूचना, बैंकिङ कारोबार, शैक्षिक विवरण र व्यावसायिक कागजातसमेत डिजिटल माध्यमबाट आदानप्रदान हुन थालेपछि सामान्य चिठीपत्रको आवश्यकता स्वाभाविक रूपमा घटेको छ।

यस परिवर्तनका पछाडि मानिसको जीवनशैलीमा आएको बदलाव पनि उत्तिकै जिम्मेवार छ। तीव्र गतिमा चलिरहेको समाजमा मानिसले छिटो, सहज र कम खर्चिलो सेवा खोज्छ। हुलाकको परम्परागत प्रक्रियामा पत्र लेख्ने, खाम तयार गर्ने, टिकट टाँस्ने, कार्यालयमा बुझाउने र वितरणको प्रतीक्षा गर्नुपर्ने हुन्छ। यसको तुलनामा डिजिटल सन्देश पठाउन समय र श्रम कम लाग्छ। कतिपय स्थानमा हुलाक सेवाको ढिलाइ, कमजोर व्यवस्थापन, प्रविधिको अपर्याप्त प्रयोग र सेवाप्रतिको जनविश्वासमा आएको कमीले पनि यसको आकर्षण घटाएको हुन सक्छ।

पत्रको प्रयोग घट्दैमा हुलाकको आवश्यकता समाप्त भएको निष्कर्ष निकाल्नु उचित हुँदैन। आज पनि सरकारी कागजात, कानूनी सूचना, प्रमाणित पत्राचार, पार्सल र विभिन्न सामग्रीको सुरक्षित ढुवानीमा हुलाकको भूमिका रहन सक्छ। विशेषगरी निजी कुरियर सेवा सहज रूपमा नपुगेका दुर्गम क्षेत्रका नागरिकका लागि सार्वजनिक हुलाक सेवा महत्वपूर्ण छ। अनलाइन व्यापारको विस्तारसँगै सामान घरसम्म पुऱ्याउने सेवामा हुलाकले नयाँ सम्भावना पनि प्राप्त गरेको छ। विश्वका विभिन्न देशमा हुलाक सञ्जाललाई डिजिटल सेवा, पार्सल वितरण र वित्तीय पहुँचसँग जोड्ने प्रयास भइरहेको छ।

नेपालमा पनि हुलाकलाई केवल पुरानो शैलीको चिठीपत्र वितरण गर्ने संस्थाका रूपमा सीमित राख्नु हुँदैन। यसको देशव्यापी सञ्जाललाई आधुनिक प्रविधिसँग जोड्ने, सेवा प्रवाहलाई छिटो र भरपर्दो बनाउने, पार्सल तथा कुरियर सेवालाई प्रतिस्पर्धी बनाउने र सरकारी निकायसँगको समन्वय बढाउने काम आवश्यक छ। हुलाक कार्यालयको भौतिक उपस्थितिलाई उपयोग गरेर नागरिकलाई डिजिटल सेवा, सूचना तथा अन्य आधारभूत सुविधासँग जोड्न सकिन्छ। त्यसका लागि दक्ष जनशक्ति, उपयुक्त लगानी र स्पष्ट कार्ययोजना चाहिन्छ।

विश्व हुलाक दिवस मनाउनुको सार पनि यही हो कि विगतको योगदान सम्झनुका साथै भविष्यमा यसको भूमिका कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे सोच्नु। हुलाक टिकटमा छापिएका राष्ट्रिय व्यक्तित्व र सम्पदादेखि खामभित्र सुरक्षित राखिएका आत्मीय सन्देशसम्मले एउटा समयको सामाजिक इतिहास बोकेका छन्। आज ती बस्तु सङ्कलन गर्नेहरूका लागि ऐतिहासिक धरोहर र अनुसन्धानकर्ताका लागि महत्त्वपूर्ण स्रोतसमेत बनेका छन्।

प्रविधिले मानिसलाई जोड्ने माध्यम बदलिदिएको छ, तर मानिसलाई जोडिराख्नुपर्ने आवश्यकता बदलिएको छैन। हुलाकको पुरानो स्वरूप फर्काउन सम्भव नहोला, तर त्यसले बोकेको सार्वजनिक सेवाको भावना र सबै नागरिकसम्म पुग्ने जिम्मेवारीलाई नयाँ स्वरूपमा जीवन्त राख्न सकिन्छ। समयसँगै बदलिन सक्ने हुलाकले मात्र आफ्नो ऐतिहासिक विरासतलाई भविष्यको उपयोगितासँग जोड्न सक्छ। विश्व हुलाक दिवसको वास्तविक सन्देश पनि यही हो कि सञ्चारका साधन फेरिएलान्, तर सम्पर्क, विश्वास र सेवाको महत्त्व सधैँ रहिरहन्छ।

## नापी ..

नापीमा कार्यरत केसीले विभागको नेतृत्व सम्हाल्ने अवसर पाएको अवस्था छ। उनको कार्यकाल कसरी अगाडि बढ्छ त्यो भविष्यले नै बताउने छ तर विभागमा लामो समय बिताएका जोशीलाई भने पछिल्लो पटक ८५७ कर्मचारीमध्ये नापी अधिकृत १०३ जना, सर्वेक्षक ४९८ जना र २५६ जना अमिनहरुको सरुवा गर्दा मापदण्ड विपरित चलखेल गरेको आरोप लगाइएको छ। सरुवामा कर्मचारीहरुबाट व्यापक पक्षपात भएको गुनासो आएपछि मन्त्री रावलले जोशीलाई मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको समाचार श्रोतले बताएको छ।

यता नापी विभागले गरेको सरुवाप्रति असन्तुष्टि भए प्रमाणसहित गुनासो पेस गर्न विभागले आग्रह गरेको छ। धेरै खाएपछि गुँड पनि तितो हुन्छ भन्ने कुरालाई आधार मान्ने हो भने महानिर्देशक जोशीको लामो कार्यकालको उपज हुन सक्ने र विभागका विभिन्न समूहहरुको दबाबले पनि काम गरेको हुनसक्ने श्रोतको कथन छ। आरोप जे-जस्तो लगाइए पनि जोशी क्षमतावान् र फूर्तिला एवं सबैलाई मिलाउन सक्ने खुबी भएका महानिर्देशक भएको सरोकारवालाहरुले बताएका छन्।

## दशैँअघि...

प्राकृतिक विपत्तिले सडक, खानेपानी, विद्युत्लगायतका पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको समयमा हुन लागेको सरुवालाई मन्त्रालयभित्रै चासोका साथ हेरिएको छ। क्षतिग्रस्त सडक सञ्चालनमा ल्याउनेदेखि अवरुद्ध यातायात सहज बनाउनेसम्मका काम तत्काल गर्नुपर्ने भएकाले जिम्मेवारी दिने क्रममा कार्यक्षमता र अनुभवलाई मुख्य आधार बनाउनुपर्ने आवाजसमेत उठेको छ।

पछिल्लो विपद्पछि सडक विभागका महानिर्देशक डा. विजय जैशीको नेतृत्वमा क्षतिग्रस्त सडक खुलाउने तथा यातायात सहज बनाउने कामलाई तीव्रता दिइएको विभागसम्बद्ध स्रोतको भनाइ छ। कठिन अवस्थामा विभागको नेतृत्व सक्रिय देखिएको भन्दै कतिपय सरोकारवालाले महानिर्देशक जैशीको भूमिकाको प्रशंसा गरेका छन्। त्यसको तुलनामा विभाग र मन्त्रालयका केही प्राविधिक अधिकारीको कार्यसम्पादन अपेक्षाअनुसार प्रभावकारी नदेखिएको टिप्पणीसमेत भइरहेको छ।

यस्तो अवस्थामा हुन लागेको सीडीईहरूको सरुवा नियमित प्रशासनिक प्रक्रियामा मात्र सीमित नराखी कार्यसम्पादन, अनुभव, भौगोलिक सन्तुलन र विपद्का बेला देखाएको सक्रियतालाई समेत मूल्यांकनको आधार बनाउनुपर्ने सरोकारवालाको सुझाव छ। मन्त्रालयले तयार गरेको मापदण्ड व्यवहारमा कति निष्पक्ष ढंगले लागू हुन्छ र जिम्मेवारी बाँडफाँटमा कार्यक्षमताले कति प्राथमिकता पाउँछ भन्ने विषय भने सरुवाको अन्तिम सूची सार्वजनिक भएपछि स्पष्ट हुनेछ।

## कांग्रेसमा...

आफ्नो पुरानो संगठनात्मक शक्ति जोगाउँदै नयाँ समयअनुकूल चरित्र निर्माण गर्नु आवश्यक छ। कांग्रेससँग गाउँदेखि शहरसम्म फैलिएको संगठन छ। वडा तहसम्म राजनीतिक संरचना छ। पुरानो पुस्ताको अनुभव छ र नयाँ पुस्ताको ठूलो पंक्ति पनि छ। यी सबैलाई एउटै गतिमा चलाउन सकियो भने नयाँ राजनीतिक शक्तिसँग प्रतिस्पर्धा गर्ने आधार कांग्रेससँग अझै बाँकी छ। त्यसका लागि मतदातालाई केवल इतिहास सुनाएर पुग्दैन।

आजको युवाले प्रजातन्त्र स्थापनामा कुन नेताले कति जेल बस्यो भन्ने इतिहासको सम्मान गर्छ, तर आफ्नो रोजगारीको उत्तर पनि खोज्छ। लोकतन्त्रका लागि कांग्रेसले गरेको संघर्ष स्वीकार गर्छ, तर सरकारी कार्यालयमा घुस किन दिनुपर्छ भन्ने प्रश्न पनि गर्छ। पार्टीको विरासत बुझ्छ, तर चुनाव जितेपछि नेता जनताबाट किन टाढिन्छ भन्ने उत्तरसमेत माग्छ।

नयाँ कांग्रेसले यी प्रश्न सुन्न सक्यो भने उसलाई नयाँ राजनीतिक ठाउँ खुल्न सक्छ। यहीँ थापाका लागि अवसर छ। उनको राजनीतिक छवि लामो समयदेखि नयाँ पुस्तासँग संवाद गर्न सक्ने नेताका रूपमा बनेको छ। एउटा व्यक्तिको लोकप्रियता र एउटा पार्टीको लोकप्रियता एउटै कुरा होइन। थापाले आफ्नो व्यक्तिगत आकर्षणलाई कांग्रेसको संस्थागत शक्तिमा बदल्न सके मात्र नेतृत्व परिवर्तनको राजनीतिक अर्थ रहनेछ।

त्यसैले आगामी दिनमा कांग्रेसभित्र कसले कुन पद पायो भन्दा पनि जिम्मेवारी कसरी पायो भन्ने महत्वपूर्ण हुनेछ। योग्यताभन्दा निकटता हाबी भयो भने नयाँ नेतृत्व पुरानै अभ्यासको निरन्तरता हुनेछ। क्षमता, योगदान र जनसम्पर्कलाई आधार बनाइयो भने भने पार्टीभित्र परिवर्तनको अनुभूति तलसम्म पुग्न सक्छ।

*देउवा साँघुरिएको बाटोमा*

कांग्रेसको एउटा हिस्सा नयाँ नेतृत्व लिएर अगाडि बढिरहँदा पूर्वसभापति शेरबहादुर देउवा भने फरक राजनीतिक अवस्थामा पुगेका छन्। उनको पक्षले शशांक कोइरालालाई संयोजक बनाएर छुट्टै ढंगबाट १५औँ महाधिवेशनको प्रक्रिया अघि बढाइरहेको अवस्थाले कांग्रेसभित्रको पुरानो द्वन्द्व अझै बाँकी रहेको देखाउँछ। यो द्वन्द्वलाई केवल दुई समूहको शक्ति संघर्षका रूपमा हेर्दा अहिलेको कांग्रेसको तस्वीर पूरा हुँदैन।

देउवाले कांग्रेसमा लामो समय नेतृत्व गरे। पार्टी कठिन अवस्थामा हुँदा सम्हाले, सत्ताको राजनीतिमा पटक-पटक निर्णायक बने र कांग्रेसभित्र आफ्नो छुट्टै शक्ति केन्द्र निर्माण गरे। त्यसैले उनको राजनीतिक प्रभावलाई एउटा महाधिवेशनको परिणामले तत्काल मेटाइदिने अवस्था छैन। राजनीतिमा प्रभाव केवल विगतको पद र सम्बन्धले टिक्दैन। त्यसलाई वर्तमानको समर्थनले निरन्तरता दिनुपर्छ। यही ठाउँमा देउवा संकटमा देखिन्छन्।

गगन नेतृत्वको कार्यसमिति बनेपछि कांग्रेसका सामान्य कार्यकर्ताका अगाडि प्रश्न फरक भएको छ। उनीहरूले अब 'देउवा कि गगन ?' मात्र रोज्नुपर्ने छैन। उनीहरूले 'कांग्रेसलाई भविष्यतिर लैजाने बाटो कुन हो ?' भन्ने निर्णय गर्नुपर्नेछ।

यदि कार्यकर्ताको ठूलो पंक्तिले भविष्य नयाँ नेतृत्वसँग देख्न थाल्यो भने समानान्तर गतिविधिको राजनीतिक ठाउँ आफैँ साँघुरिँदै जान्छ। अर्कोतर्फ नयाँ नेतृत्वले असन्तुष्ट पक्षलाई अपमानित गऱ्यो वा पार्टीभित्र सबैलाई समेट्न सकेन भने देउवा पक्षले असन्तुष्टिको आधारमा आफ्नो प्रभाव कायम राख्न सक्छ। त्यसैले अहिलेको शक्ति संघर्षको साँचो नयाँ नेतृत्वकै हातमा पनि छ।

*शशांकको नाम, देउवाको दाऊ*

शशांक कोइरालालाई संयोजक बनाएर अघि बढाइएको समानान्तर महाधिवेशनले देउवा पक्षले अझै संघर्ष छाडेको छैन भन्ने देखाउँछ। कांग्रेसको राजनीतिमा कोइराला परिवारको नामको आफ्नै ऐतिहासिक अर्थ भएकाले शशांकलाई अगाडि सार्नु सामान्य छनोट होइन। यसबाट पुरानो कांग्रेसको एउटा धारलाई भावनात्मक र ऐतिहासिक आधारमा जोडेर राख्ने प्रयास देखिन्छ तर समय पहिलेको जस्तो छैन।

आज कांग्रेसको तल्लो तहको कार्यकर्ताले नेताको थरभन्दा आफ्नो राजनीतिक भविष्य हेर्न थालेको छ। पार्टीमा कसको परिवारको योगदान कति थियो भन्ने प्रश्नभन्दा आफूले काम गर्दा अवसर पाउँछु कि पाउँदिनँ भन्ने प्रश्न उसका लागि प्रत्यक्ष छ। त्यसैले शशांकको संयोजकत्वले समानान्तर गतिविधिलाई नाम र अनुहार दिन सक्छ, तर त्यसलाई राजनीतिक शक्ति बनाउन कार्यकर्ताको ठूलो हिस्सा आफूतिर तान्नैपर्छ। यही परीक्षा देउवा पक्षका लागि कठिन छ।

एउटै गाउँमा दुईवटा कांग्रेस लामो समय टिक्न सक्दैनन्। एउटै चुनाव चिह्नप्रति विश्वास गर्ने कार्यकर्ता दुईवटा वडा समितिमा विभाजित भएर सधैँ बस्न पनि सक्दैनन्। केन्द्रको विवादले तल्लो तहमा व्यक्तिगत सम्बन्ध बिगार्न थालेपछि कार्यकर्ताले नै समाधानको दबाब दिन थाल्छन्।

त्यसैले अहिले देखिएको समानान्तर यात्रा अन्तिम गन्तव्यभन्दा बढी दबाबको राजनीति बन्न सक्ने सम्भावना पनि उत्तिकै छ। अन्ततः कांग्रेसको ठूलो हिस्साले एउटा साझा संरचना खोज्नैपर्ने हुन्छ।

*देउवालाई जोड्नुपर्ने*

थापा नेतृत्वका लागि सबैभन्दा सजिलो बाटो देउवा समूहलाई पराजित पक्ष मानेर अगाडि बढ्नु हुन सक्छ। त्यो बाटो कांग्रेसका लागि सबैभन्दा जोखिमपूर्ण पनि हुन सक्छ। कांग्रेसमा नेतृत्व परिवर्तन भएको हो, इतिहास परिवर्तन भएको होइन। देउवाको लामो राजनीतिक योगदान, उनीसँग जोडिएका नेता-कार्यकर्ता र पार्टी निर्माणमा पुरानो पुस्ताले खेलेको भूमिकालाई निषेध गरेर नयाँ कांग्रेस बलियो हुँदैन। नयाँ पुस्ताको नेतृत्व स्थापित हुनुको अर्थ पुरानो पुस्तालाई बाहिर निकाल्नु होइन, उसलाई उचित स्थानमा राखेर अगाडिको जिम्मेवारी नयाँ पुस्ताले लिनु हो। थापाले यही सन्तुलन मिलाउन सके उनको नेतृत्वको पहिलो ठूलो सफलता हुनेछ।

देउवा पक्षका नेता-कार्यकर्तालाई नयाँ नेतृत्वमा सुरक्षित स्थान छ भन्ने विश्वास दिन सकियो भने समानान्तर गतिविधिको आधार स्वाभाविक रूपमा कमजोर हुन्छ। त्यसका लागि सम्झौता मात्र पर्याप्त हुँदैन, सम्मान चाहिन्छ। पार्टीभित्र फरक मत राख्न पाइन्छ भन्ने वातावरण बनाउनुपर्छ।

यदि गगनले आफूलाई समर्थन गर्नेहरूकै कांग्रेस बनाए भने उनले नेतृत्व जितेर पनि पार्टी हार्न सक्छन्। आफूलाई समर्थन नगर्नेहरूलाई समेत आफ्नो नेतृत्व स्वीकार गर्न सक्ने वातावरण बनाए भने मात्रै उनी कांग्रेसका वास्तविक सभापति बन्नेछन्।

*आशा जोगाउने समय*

१५औँ महाधिवेशनपछि कांग्रेसमा आएको सबैभन्दा ठूलो परिवर्तन शायद नेतृत्वको नाम होइन कि कार्यकर्तामा फेरि केही हुन सक्छ भन्ने भावना फर्कनु हो। राजनीतिमा यस्तो भावना सधैँ आउँदैन। एकपटक निराश भएको कार्यकर्तालाई पुनः सक्रिय बनाउन कठिन हुन्छ। अहिले नयाँ नेतृत्वले पाएको यही मनोवैज्ञानिक ऊर्जा कांग्रेसको सबैभन्दा ठूलो पूँजी बन्न सक्छ। आशाको आयु छोटो हुन्छ।

केही महिनाभित्रै कार्यकर्ताले निर्णय प्रक्रियामा परिवर्तन खोज्नेछन्। जनताले सार्वजनिक मुद्दामा कांग्रेसको फरक धारणा खोज्नेछन्। युवाले आफूलाई नेतृत्वमा देख्न चाहनेछन्। पुराना नेताले सम्मान खोज्नेछन्। गुटभन्दा बाहिर बसेका कार्यकर्ताले अवसर खोज्नेछन्। यी सबै अपेक्षा एउटै नेतृत्वमाथि एकै पटक आएका छन्।

त्यसैले गगन थापाका लागि सभापतिको कुर्ची गन्तव्य होइन, शुरुवात मात्र हो। उनले कांग्रेसलाई नयाँ पुस्तासँग जोड्न सके पुरानो संगठन र नयाँ राजनीतिक आकांक्षाको मेलबाट पार्टी फेरि शक्तिशाली बन्न सक्छ। त्यस्तो कांग्रेस राष्ट्रिय स्वतन्त्र पार्टीसहितका नयाँ शक्तिका सामु बलियो लोकतान्त्रिक प्रतिस्पर्धी बन्न सक्छ। कांग्रेसको नाम नयाँ र अभ्यास पुरानै रह्यो भने मतदाताले नेतृत्व परिवर्तनलाई पनि आन्तरिक पद हेरफेरभन्दा बढी अर्थ दिने छैनन्।

देउवाका लागि पनि यही समय निर्णायक छ। उनले आफ्नो लामो राजनीतिक यात्राको उत्तरार्द्धलाई पार्टीभित्र अर्को शक्ति केन्द्र निर्माण गर्न खर्च गर्ने कि पुस्तान्तरणलाई सहज बनाएर कांग्रेसको साझा अभिभावक बन्ने भन्ने प्रश्न अब टारेर धेरै टाढा जान सकिँदैन।

१५औँ महाधिवेशनपछि कांग्रेस एउटा अनौठो मोडमा उभिएको छ। एकातिर नयाँ नेतृत्वसँग भविष्यको आशा छ, अर्कोतिर पुरानो नेतृत्वसँग इतिहास र अनुभव छ। यी दुईलाई भिडाएर होइन, जोडेर अगाडि लैजान सकियो भने महाधिवेशन कांग्रेसको आन्तरिक चुनाव मात्र रहने छैन, त्यो पार्टी पुनर्निर्माणको शुरुवात बन्न सक्छ। त्यसका लागि गगन थापाले आफू नयाँ सभापति भएको मात्र होइन, कांग्रेस पनि साँच्चै नयाँ हुँदैछ भन्ने अनुभूति गराउनुपर्नेछ। त्यही परीक्षाको परिणामले देउवाको संकट कति गहिरिन्छ र कांग्रेसको नयाँ आशा कति टिक्छ भन्ने तय गर्नेछ।

## सर्वोच्चको ...

सर्वोच्च अदालतको पुरानो भवन, सिंहदरबार र बबरमहलस्थित सडक विभागको भवन रेक्ट्रोफिटिङ्ग गर्ने जिम्मा पाएका थिए।

२०७२ सालको भूकम्पले यी भवनहरु ध्वस्त एवं क्षतिग्रस्त बनेका थिए। नापी विभागको जागीरबाट अख्तियारको चुचुरोमा पुगेका घिमिरेले समानान्तरका खरेलको घोटाला र ठगी जोगाएवापत राम्रै शुभलाभ प्राप्त गरेको चर्चा चलेको थियो। यसरी ठेक्का सेटिङ्गमा लागेर अतिरिक्त आय आर्जन गरेका घिमिरेले कार्यकाल सकिने अन्तिम समयमा राजश्व समूहका १ सय ६३ शाखा अधिकृत र उपसचिवलाई तर्साउने १३ पाने विवरण भर्न लगाएर मोटो रकम असुलेको आरोप पनि छ। पर्सामा सिडिओ हुँदादेखिको उनको सम्पत्ति वर्तमान सरकारले छानविन गर्ने हो भने उनको नातेदारका नाममा समेत घुस थन्क्याएको श्रोतले बताएको छ। यसरी दलका नेतालाई खल्तीमा राखेर राज्यको दोहन गर्न पल्केकाहरुलाई बालेन नेतृत्वको सरकारले कारवाही गर्ने हिम्मत देखाओस्।

## रास्वपामा ...

लामिछानेको सक्रियता र अभिव्यक्तिसँग जोडिन्थ्यो। अहिले उनी सार्वजनिक राजनीतिक बहसमा पहिलेको जस्तो लगातार देखिँदैनन्। यसको कारण एउटै हुनुपर्छ भन्ने छैन। व्यक्तिगत कानूनी चुनौती, पार्टी सत्तामा पुगेपछि बदलिएको जिम्मेवारी र सरकारभित्र नयाँ नेतृत्वको प्रभाव आदि सबैले उनको भूमिकालाई फरक बनाएको हुन सक्छ।

राजनीतिक दलमा नेताको मौनता पनि कहिलेकाहीँ आफैँमा एउटा सन्देश बन्छ। विशेषगरी रास्वपाजस्तो व्यक्तिको लोकप्रियताबाट तीव्र रूपमा विस्तार भएको पार्टीमा सभापतिको सार्वजनिक उपस्थिति घट्दा कार्यकर्ता र समर्थकमाझ स्वाभाविक प्रश्न उठ्छ कि पार्टीको राजनीतिक दिशा कसले तय गरिरहेको छ ? सरकारको नेतृत्व र पार्टी नेतृत्वबीचको सम्बन्ध कस्तो अवस्थामा छ ? अनि पार्टीले भोलिको राजनीतिक बाटो कसरी तय गर्दैछ ?

सुनार प्रकरणको सत्य अनुसन्धानले निकाल्नेछ तर त्यसले रास्वपालाई दिएको राजनीतिक सन्देश भने अहिले नै बुझ्न सकिन्छ। सत्ता प्राप्त गर्नु परिवर्तनको अन्तिम उपलब्धि होइन; सत्ता पाएपछि आफ्नै मानिसमाथि उठेका प्रश्नलाई कसरी सम्हालिन्छ भन्ने नै नयाँ राजनीतिको वास्तविक परीक्षा हो। रास्वपाले यही परीक्षामा आफू पुरानै राजनीतिक संस्कृतिको अर्को संस्करण होइन भन्ने प्रमाणित गर्नुपर्ने भएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्र्याक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली-१४, नवलपुर

# दशैंमा नेपाली चलचित्र : कसले जित्ला दर्शकको मन ?

**रोशन ज्ञवाली**

काठमाडौं/ दशैंको यो समयमा नेपाली चलचित्र क्षेत्र पनि वर्षकै महत्वपूर्ण व्यावसायिक मौसममा प्रवेश गरेको छ। विगतमा दशैंमा एक-दुई ठूला चलचित्रलाई केन्द्रमा राखेर बजार तान्ने गरेकोमा यसपटक अवस्था केही फरक देखिँदैछ। एउटै समयको आसपास स्थापित शृंखलाका नयाँ भागदेखि एक्सन, पारिवारिक संवेदना र हास्य-सामाजिक स्वादका चलचित्र दर्शकमाझ पुग्दैछन्। यसले दशैंको बिदामा दर्शकलाई विकल्प त थपेको छ नै, निर्मातालाई भने आफ्नो चलचित्र अरूभन्दा फरक देखाउनुपर्ने चुनौती पनि बढाएको छ।

दशैंको मुख्य आकर्षणमध्ये '१२ गाउँ २' अगाडि देखिएको छ। विराज भट्टको निर्देशनमा बनेको यो चलचित्रमा विराजसँगै समीर भट्ट र अनुपविक्रम शाही लगायतका कलाकारको उपस्थिति छ। पहिलो चलचित्रले बनाएको परिचयलाई दोस्रो भागले व्यावसायिक आधारका रूपमा उपयोग गर्न खोजेको छ। विशेषगरी एक्सन मन पराउने युवा दर्शक यसको प्राथमिक बजार बन्न सक्छन् तर पहिलो भागको नामले सुरुआती दर्शक तान्न सहयोग गरे पनि दोस्रो भागलाई टिकाउने शक्ति भने कथा, अभिनय र प्रस्तुतिले नै निर्धारण गर्नेछ।

ठीक यही समयमा 'आबाट आमा २' ले फरक प्रकृतिको दर्शक खोज्दैछ। चन्द्र पन्तको निर्देशनमा तयार भएको चलचित्रमा पल शाह, विपना थापा, मलिका महत र रिस्ता गुरुङलगायतको अभिनय छ। यसको केन्द्रमा पारिवारिक सम्बन्ध र भावनात्मक पक्ष रहने भएकाले एक्सन चलचित्रसँग यसको प्रतिस्पर्धा एउटै स्वादका दर्शकका लागि मात्र हुने देखिँदैन। दशैं आफैंमा टाढिएका परिवारलाई नजिक ल्याउने पर्व भएकाले परिवारभित्रको सम्बन्धमा आधारित चलचित्रले यही मनोविज्ञानलाई आफ्नो पक्षमा पार्न सक्छ।

त्यसपछि हलमा प्रवेश गर्ने 'छ माया छपक्कै २' माथि पनि स्वाभाविक रूपमा अपेक्षा छ। दीपकराज गिरी र दीपाश्री निरौलासँग जोडिएको समूहले विगतदेखि नै हास्यलाई सामाजिक विषयसँग मिसाएर ठूलो दर्शक समूह बनाएको छ। दीपेन्द्र लामाको निर्देशन रहेको यस चलचित्रमा दीपकराज गिरी, केकी अधिकारी, सनिशा भट्टराई, निर्मल शर्मालगायत कलाकार छन्। यसले केवल हँसाउने विषयलाई प्राथमिकता दिन्छ वा हास्यभित्र समकालीन सामाजिक प्रश्नलाई पनि बलियोसँग उठाउँछ भन्ने कुराले यसको प्रभाव निर्धारण गर्नेछ।

यी तीन चलचित्रको आगमन लगभग सँगसँगै हुनु नेपाली चलचित्र बजारका लागि अवसर र जोखिम दुवै हो। दशैंमा दर्शकको आवागमन सामान्य समयभन्दा बढी हुने भएकाले धेरै चलचित्रले व्यापार गर्न सक्ने ठाउँ हुन्छ। अर्कोतर्फ पहिलो दिनदेखि नै हल, शो र दर्शक बाँडिनुपर्ने अवस्था आउँछ। यस्तो प्रतिस्पर्धामा प्रचारको आकारभन्दा दर्शकबाट निस्कने प्रतिक्रिया महत्वपूर्ण हुन्छ। राम्रो प्रतिक्रिया पाएको चलचित्रले दोस्रो सातासम्म आफ्नो स्थान बलियो बनाउन सक्छ भने कमजोर प्रतिक्रिया आए चर्चित कलाकार र ठूलो प्रचारले मात्रै लामो यात्रा धान्न कठिन हुन्छ।

दशैंको रौनक सकिन नपाउँदै 'कबड्डी ५ : आफ्टर द फाइनल म्याच' पनि दर्शकमाझ आउने तयारीमा छ। रामबाबु गुरुङ निर्देशित 'कबड्डी' शृंखला नेपाली दर्शकका लागि अपरिचित नाम होइन। दयाहाङ राईसँग जोडिएको 'काजी' चरित्रदेखि गाउँको परिवेश, प्रेम, सम्बन्ध र स्थानीय जीवनलाई हास्यसँग मिसाउने शैलीले यस शृंखलालाई छुट्टै पहिचान दिएको छ। नयाँ भागमा दयाहाङ राई, विजय बराल, बुद्धि तामाङ, विपिन कार्की र मिरुना मगरलगायतको अभिनय रहने भएकाले कलाकारको संयोजनसमेत यसको बलियो पक्ष बन्न सक्छ।

यसपालिको प्रदर्शन तालिकाको अर्को उल्लेखनीय पक्ष के हो भने दशैं आसपास चर्चामा रहेका अधिकांश ठूला चलचित्र नयाँ नामभन्दा पुरानै सफल नामका निरन्तरता हुन्। '१२ गाउँ २', 'आबाट आमा २', 'छ माया छपक्कै २' र 'कबड्डी ५'–सबैले अघिल्लो चलचित्र वा शृंखलाबाट बनेको परिचय लिएर बजारमा प्रवेश गर्दैछन्। व्यावसायिक दृष्टिले यसमा निर्माताको जोखिम केही कम हुन सक्छ। दर्शकलाई नाम चिनाउन शून्यबाट प्रचार गर्नुपर्दैन तर यही सुविधा सिर्जनात्मक चुनौती पनि हो। अघिल्लो भाग मन पराएका दर्शकले नयाँ भागबाट अझ राम्रो सामग्री अपेक्षा गर्छन्।



दशैंको मुख्य प्रतिस्पर्धा शुरु हुनुअघि नै केही नेपाली चलचित्र हलमा पुगिसकेका छन्। 'चमेलीको पोइ' ले दाम्पत्य जीवन, प्रेम र सम्बन्धभित्र उत्पन्न हुने उतारचढावलाई हास्यको सहारामा प्रस्तुत गरेको छ। सुरक्षा पन्त, मुकुन भुसाल र विल्सनविक्रम राईलगायत कलाकार रहेको यो चलचित्रले ठूला सिक्वेल आउनुअघिको बजार समात्ने प्रयास गरेको देखिन्छ। त्यस्तै 'अक्षरा' ले छोरीको इच्छा, विवाह र पारिवारिक निर्णयबीच उत्पन्न हुने द्वन्द्वलाई कथाको आधार बनाएको छ। यसले मनोरञ्जनसँगै सामाजिक प्रश्न बोकेको चलचित्र खोज्ने दर्शकलाई आकर्षित गर्ने सम्भावना राख्छ।

यसअघि दशैंमै आउने चर्चामा रहेको अनमोल केसी अभिनित 'बाटुलो जून' भने प्रदर्शन मिति परिवर्तन भएपछि दशैंको प्रत्यक्ष प्रतिस्पर्धाबाट बाहिरिएको छ। त्यसले दशैंको भिड केही कम गरे पनि मुख्य तीन चलचित्रको प्रारम्भिक प्रतिस्पर्धा र त्यसपछि आउने 'कबड्डी ५' का कारण हलमा नेपाली चलचित्रको उपस्थिति बलियो नै रहने देखिन्छ।

पछिल्ला वर्ष नेपाली चलचित्रका दर्शकको व्यवहार पनि फेरिएको छ। ठूलो कलाकार, चर्चित ब्यानर वा आक्रामक प्रचारले पहिलो दिन दर्शक बोलाउन सक्ला, तर चलचित्र टिकाउने आधार अब त्यतिमा सीमित छैन। सामाजिक सञ्जालमा केही घण्टामै दर्शकीय प्रतिक्रिया फैलिने भएकाले कमजोर चलचित्रको व्यापार चाँडै ओरालो लाग्न सक्छ। अर्कोतर्फ अपेक्षाकृत कम प्रचार गरिएको चलचित्र पनि सकारात्मक प्रतिक्रियापछि अचानक बलियो बन्न सक्छ। त्यसैले यसपटकको प्रतिस्पर्धा पोस्टर, ट्रेलर र कलाकारको लोकप्रियताभन्दा पर्दामा देखिने सामग्रीमा बढी निर्भर हुनेछ।

अर्को चुनौती टिकटको मूल्य र दर्शकको खर्च गर्ने क्षमता हो। एउटै परिवारका चार-पाँच जना सदस्य हल पुग्दा टिकटसँगै यातायात र खानपानको खर्चसमेत जोडिन्छ। एकै सातामा तीन वा चार चलचित्र हेर्न सबै दर्शक तयार नहुन सक्छन्। त्यसैले चलचित्रहरू एकअर्कासँग हल र शोका लागि मात्र होइन, दर्शकले 'यो दशैंमा कुन चलचित्र हेर्ने ?' भनेर गर्ने छनोटका लागि पनि प्रतिस्पर्धा गर्दैछन्।

समग्रमा यस वर्षको दशैं नेपाली चलचित्रका लागि केवल कमाइको मौसम नभएर दर्शकको बदलिँदो रुचि नाप्ने अवसर बन्ने देखिन्छ। एकातिर एक्सन छ, अर्कोतिर परिवार र भावनाको कथा छ; हास्य-सामाजिक प्रस्तुति पनि छ र लामो समयदेखि चलेको लोकप्रिय शृंखला पनि मैदानमा छ। कसले कति शो पायो वा पहिलो दिन कति दर्शक आयो भन्नेभन्दा दशैं सकिँदासम्म कुन चलचित्रको चर्चा दर्शकले आफ्नै मुखबाट गरिरहन्छन् भन्ने कुरा महत्वपूर्ण हुनेछ।

नेपाली चलचित्रको सबैभन्दा ठूलो प्रचार दर्शक स्वयं हुन्। दशैंमा हल भरिन सक्छ, तर चलचित्रको भविष्य भरिएको हलले होइन, हलबाट निस्कँदा दर्शकले बोकेको सन्तुष्टिले तय गर्नेछ। यस अर्थमा यसपालिको दशैं नेपाली चलचित्रबीचको भिडन्तभन्दा पनि कथा, प्रस्तुति र दर्शकीय विश्वासबीचको परीक्षा बन्ने देखिन्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन चरिकोटको अनुरोध
सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकूल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरि दिनु हुन अनुरोध छ।
- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारामा निर्माण सामग्री नथुपारखौं। सडक छेउको नालीमा फोहोर मैल नफालौं। श्रश्र सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी / व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं। श्र दुई या दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन गरौं।
- सडकको बीचमा दौड्ने, खेल्ने वा हिँड्ने नगरौं।
- सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल सव- वे जस्ता सुरक्षित ठाउँबाट मात्र बाटो काटौं।
- सडक विभागको मापदण्ड तथा सवारीसाधनको क्षमताभन्दा बढी बजन बोक्नमा रोक लगाऔं। घरबाट निस्कने फोहोर पानी सडक नालीमा नमिसाउँ।
- सडक डिभाइडरमा भएका फुल र बोटविरुवाको संरक्षण गरौं।

डिभिजन प्रमुख
सडक डिभिजन, चरिकोट

Ventures Holidays Pvt. Ltd.
सस्तो टिकट
भरपर्दो सेवा
Best airfare deals for every destination
Fast Booking Trusted Service Best Fares



अब यात्रा बनाउनुहोस् सजिलो र किफायती
Book Now
+977-1-4547268, 9803753314 Kamaladi-28, Kathmandu holidaysventures@gmail.com

पर्यटन प्रवर्द्धन गरौं
- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।

पर्यटक हाम्रा पाहुना हुन्, सहयोग र सम्मान गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**